कुमुदिनी परिमल

कुमुदिनी-परिवारको कोशेली

श्री / श्रीमती ~~~~~~~~~~~~~~~~~~~~

~~~~~~~~~~~~~~~~~~~~

प्रधान सम्पादक—

श्री कृष्णबहादुर प्रधान

सम्पादक मण्डली—

श्री नरबहादुर दाहाल
श्री भरतकुमार थापा
श्री तिलक थापा
श्री जबर्द्धन धमला

१९६१
~~~~~~~~~~~~~~~~~~~~

कुमुदिनी-परिवार

परिवारका संरक्षकहरू—

श्री बी० एल० दिक्षित
श्री एल० के० अहोय
श्री देवचन्द बाबु

॥

कार्य्य कारिणी समिति—

सभापति—श्री टीकाराम शर्मा, बी० ए०, बी० टी०,
प्रधान अध्यापक, कुमुदिनी होम्स

उपसभापति—

श्री तिलक थापा ।

मूल–मंत्री—

श्री कृष्णबहादुर प्रधान
श्री भरतकुमार थापा

सहायक मंत्रीहरू—

श्री नरबहादुर दाहाल
श्री बालकृष्ण पराजुली
श्री केवल थापा
श्री जबर्द्धन धमला

विषय सूची

प्रतिद्वन्द—नरबहादुर दाहाल, कालिम्पोंग १
दोष कसको ?—दीपक कुमार प्रधान, कालिम्पोंग २
प्यास—ए० क्लेमेन्ट, दार्जीलिंग ५
थीकाटर—कृष्ण ६
केवल त्यो एक सपना थियो—तिलक थापा, दार्जीलिंग ९
हृदयलाई—मदन कुमार छेत्री, ११
उसको क्रन्दन—केवल बहादुर थापा १२
अधुरो स्वप्न—बालकृष्ण पराजुली, दार्जीलिंग १४
रहस्यमय घटना—जवर्द्धन धमला, दार्जीलिंग १७
मेरो क्याम्प यात्रा—गोपाल मणि प्रधान २०
कलाकार—धनकुमार प्रधान २२
ठिक्याउने को थ्यो र ?—रूद्र बस्नेत, दार्जीलिंग २३
सूर्योदय—के० पी० राई २४
तिमी के गर्नै—एच० प्रकाश शर्मा, सिक्किम २५
नासमझमा घात—भानु प्रधान, कालिम्पोंग २६
मुनामदन अनि देवकोटा—भरतकुमार थापा ३०
सम्पादकीय— ३२
मूल मन्त्रीको रिपोर्ट ३३
भूतपूर्व छात्राहरूले आयोजन गरेका कार्यक्रमहरूको एक झलक ३४
कुमुदिनी परिवारका अर्थ सहयोगीहरू ३५
कुमुदिनी होम्सका प्रधान अध्यापकको विदाई समारोह ३८

स्याबास !

आफ्ना प्यारा भूतपूर्व छात्रहरूले 'कुमुदिनी-परिवार' प्रकाशित गरी उनीहरूको विद्यालय प्रतिको श्रद्धा, वर्तमान छात्रहरू र शिक्षकहरूसंगको नाता अझ बलियो गराएकोमा म उनीहरूको प्रयासका निम्ति बधाइ दिन्छु । फेरि प्रकाशन पनि विद्यालय दिवस समारोहको उपलक्षमा पारेकोले सुनमा सुगन्ध थपिएको छ ।

आज भन्दा ६ वर्ष अघिदेखि हामीले विद्यालय दिवस मनाउन थालेका हौं । भारतीय अनुष्ठानका विद्यालयहरूले यो चलन प्रायः न अपनाएकोले पाठशाला दिवस जुन रूपमा मनाउनु पर्थ्यो सो रूप पूर्ण विकशित भएर आएको थिएन । हाम्रो विद्यालयको उज्यालो रूप विस्तार विस्तार मात्र भइरहेको, भर्खरै मात्र आफ्ना छात्रहरू विभिन्न उच्च विद्यालयहरूमा पर्दै गरेका तथा उत्तीर्ण भइरहेका हुनाले सुरुमा समारोह अभिप्सित रूपले सम्पन्न न हुनु स्वाभाविकै थियो । अब आफ्ना छात्रहरू पनि आफ्ना देश परदेश पुगे, हाम्रो परिवार बढ्न लाग्यो र तिनै विस्तृत मैदानमा निक्लिरहेका विद्यार्थीहरूमा जीउँदो जाग्दो प्रेरणा यथामात्रामा आउन लाग्यो । यसै प्रेरणाको एउटा नमूना 'कुमुदिनी-परिवार' हो ।

अति अल्प समयमा हाम्रा आफ्नै विद्यार्थीहरू भारतका विभिन्न विश्वविद्यालयहरूमा अध्ययन गरिरहेका तथा उत्तीर्ण भइरहेका देख्न पाउँदा कुमुदिनी होम्स गर्व गर्छ । इन्जीनियरींग, एग्रीकलचर, मेडिकल, आर्टस, साइन्स, कमर्स विभागमा हाम्रा छात्रहरू छापछापती छन् । उच्च विद्या हासिल गर्न अवकाश न पाउनेहरू आफ्नो प्रयासले, शुद्ध परिश्रमले चोखो जीवन निर्वाह गर्दैछन् । हाम्रो सन्देश कार्यरूपमा परिणत गरेकोमा हामी उनीहरूको तारीफ गर्छौं, हृदयले बधाइ दिन्छौं ।

बढ्, कुमुदिनी-परिवार, अघि बढ् । आफ्नो ईमान्दारी सुस्वभाव र योग्यता नै जीवनको संघर्षमा लड्ने अस्त्र हुन् । यी अस्त्र तिमीहरूसंग छन्, चारैतिर तिमीहरूको उच्च प्रतिष्ठा देख्न पाऊँ, सुन्न पाऊँ ।

तिमीहरू जहाँ गए पनि, मानमर्यादा, उमेरमा बूढा हुँदै गए पनि सदैव आफ्ना प्यारा छात्र सम्झी माया गर्ने,

टीकाराम शर्मा,
प्रधानाध्यक्ष ।

कुमुदिनी—परिवार

(वार्षिक पत्रिका)

वर्ष १ | २४ मई १९६१ | अंक १

प्रतिद्वन्द

रचयिता—श्री नरबहादुर दाहाल, कालिम्पोंग ।

जीवन समरमा, जीत तिम्रो—हार मेरो
विश्वको सब प्यार तिम्रो—तिरष्कार मेरो
जग काननको डाली डाली
पुष्पित फूलमा रंग हाली
सृष्टि प्रकृतिको सुन्दर सुषमा
बन्छ आज हेर उज्याली

जग उपवनको, यो फूल तिम्रो तर शूल मेरो
अमरताको सब बिजय तिम्रो पतनको निर्मूल मेरो
सुन्छु प्रतिध्वनि गीत मधुमय
विस्मृत पार्छ विगतको भय
विश्रान्ति खोज्ने प्राण मेरो
स्वीकार गर्छ अब पराजय

वसन्तको यो वहार तिम्रो—दुःखको सब संसार मेरो
पलपलमा मलाई आधार तिम्रो—तिमी सबै सार मेरो

समर्पित हृदयले खोजी खोजी
चढ़ाएँ दिलका सम्पूर्ण आशा
अझै मेरो लाञ्छित उरलाई
साथ दिन्छ एक निराशा

जीवनको प्यास तिम्रो तर मृत्युको उल्लास मेरो
प्रणयको आस तिम्रो अवहेलन र निराशा मेरो
जीवन-समरमा जीत तिम्रो, हार मेरो
विश्वको सब प्यार तिम्रो तिरष्कार मेरो ।

दोष कसको ?

ले०—श्री दीपक कुमार प्रधान, कालेम्पोंग ।

मटरस्टाण्डको ठीक बाँया पट्टि एउटा काठको दुइतले चकलेटी रंगको च्यादरको छानु भएको घर छ । दायाँ पट्टि रेष्टोरेण्ट छ अनि सामने पट्टि मटरगाड़ीहरू छन् । त्यही रेष्टोरेण्टको अघिपट्टि अलिकता चौड़ा जगहमा मानिसहरूको घुँइचो जम्मा भएको छ । यस दृश्यलाई हेर्न अझ हूल बढ़्दै आईरहेको छ । बाहिर निकै हल्ला भएकोले त्यो काठको दुइतले घरको माथिल्लो तलाबाट एउटी आइमाई खुट्टामा खराउ लगाएकी लुगा सम्हाल्दै 'के भएछ हँ त्यहाँ ?' भन्दै सिंढ़ीबाट ठ्याक् ठ्याक् ठ्याक् गर्दै ओर्लिन र त्यस घटनास्थलमा आइपुगिन् ।

माटोको हाँड़ीमा झैं बीचमा सानो प्वाल पारी चारै तिरबाट मानिसको भीड़ जम्मा भएको थियो । पछाड़ी परेकाहरू चाहिँ तन्की रहेको थिए । त्यहाँ कुनै एक झिनो परेको आगन्तुकको निष्प्राण शरीर पृथ्वी माताको काखमा चीर निन्द्रामा लोटिरहेको थियो । यसको वरिपरि जम्मा भएका मानिसहरूले पनि फलानो होला भनी ठिम्याउन सकेका थिएनन् अनि यही रहस्य चाल पाउनलाई उनीहरू त्यत्तिको लालायित बनी त्यहाँ भेला भएका थिए । ती आइमाई पनि यही रहस्य पत्ता लगाउन त्यहाँ जम्मा भएका नारीवर्गसित वार्तालाप गरिरहेकी स्पष्ट नै देखिन्थ्यो ।

केहीक्षण पश्चात् गाड़ीको चर्को हरण सुनियो । मनिसहरू पर पर हटे । एकजना पुलिस इन्सपेक्टर र चार जना पुलिसहरू गाड़ीबाट ओर्ले । सुरूंग जस्तो सानो गोरेटो बनाई इन्सपेक्टर लाशको छेउमा पुगे र जाँच बुझ गरी लाश पल्टाए । यसो हुँदा मानिसहरूले त्यो मानिसको अनुहार छर्लङ्ग देख्न पाए । सबैको आँखीभौं माथि गयो र "आमैनी हो" भन्ने शब्द सुनियो । अब नारीवर्ग पनि अघि-बढ़े । त्यस शरीरलाई राम्ररी पनि न हेरी आँखा छोपे । किन्तु त्यो विशेष आइमाई चहिँ निकै नियाली हेरी नै बसी । उनको मुखबाट एउटै शब्द पनि निस्केन । त्यस लाशको मुख छोपिए पछि पुलिसले त्यो शरीरलाई गाड़ीमा हाले । गाड़ी अस्पतालको बाटो गयो । त्यहाँ भीड़ कम हुनलाग्यो । उनी भने त्यो गाड़ी आँखाबाट ओझल न होइन्जेल सम्म उँभो गर्ले हाई-स्कूल सम्म हेरी बसिन् । त्यसपछि तिनी एक अपराधिनी झैं शिर निहुराई घरतर्फ लागिन् ।

त्यो निश्प्राण र झिनो परी सकेको शरीर कुन युवकको थियो अनि त्यो त्यहीं नै आई किन मऱ्यो......त्यसको त्यसो हुनको कारण के थियो... यी सब कुराको एक एकवटा भेद केवल उसैलाई मात्र राम्ररी थाहा थियो अनि पत्ता लाउन सकेहोलान्—त्यहाँ छेउ-छाउमा रहने त्यस युवकलाई चिन्ने एक दुइ व्यक्तिले ।

कमराभित्र पसेपछि उसलाई कोठा साँगुरो भए झैं उकुस-मुकुस हुन थाल्यो । एक प्रकारको खल्लो उसले महशुस गरिन् । मुहारमा बिषादको रेखाहरू दगुरिरहेको स्पष्ट देखिन्थ्यो । शरीरको प्रत्येक अंग र नसा नसामा शिथिलता छायो, पौष्टिक रगतको गति र हृदयको स्पन्दन नै रोकिए झैं भएर आयो । त्यो एक मात्र कस आफ्ना पति र नाबालक छोरा आफ्नो जीवनमा न भएको भए तत्कालै उ पनि त्यही अवस्थामा पुगि सकेकी हुन्थिन् ।

उचित समयमा आपिसको छुट्टी भयो । पति घर आए । दिन्हौंको कार्य्यक्रम सिध्याए पछि पति र छोरा निन्द्रादेवीको काखमा विश्राम-लिन गए । उ भने हातमा बुनाई लिई जाग्रत अवस्थामा थिइन् । दुइ काँटा जति बुने पछि उसो बुन्न सकिनन् । त्यसपछि बुनाइ हातैमा लिई उनी सोंच्न थालिन् ।

वैवाहिक जीवनमा जकड़िएपछि उसो आफ्नो विगत जीवनको बिस्मृतिका नक्सालाई एकदम नै भुल्न चाहन्थी । बिबाह पछि हृदयलाई पत्थर बनाई आफ्नो पतिको छातिमा आफ्नो समस्त दुःख लुकाई नयाँ उमंगको नयाँ जीवन यापन गर्न चाहन्थी । किन्तु आज अचानक त्यो दिउँसोको घटनाको दृश्यले अतीत-कालको जीवनको इतिहासको एक एक पाना आफै आफ्नो आँखाको अघि पल्टन थाल्यो ।

रात चकमन्न थियो । चारैतिर अन्धकार छाएको थियो । बत्तिमा पनि तेल सकिएछ र आफै एक पटक चारैतिर उज्यालो रोशनी दिएर झ्याप्प निभ्यो । अब कोठामा काली घोप्टाए झैं निष्पट्ट अन्धकार छायो । परतिर कुकुरहरू भुकेको र कता कताबाट सियाल कराएको आवाज मात्र बेला बेलामा सुनिन्थ्यो ।

आफू बसेको स्थानदेखि उनी डेक चलिनन् सायद उ पुरानो जीवनमा मिसिन गएकी थिइन् होली । काल्पनिक पखेटाको सहायता पाई उ कल्पनाकाशमा उड्दै थिइन् ।

घटना १९५४।५५ साल तिरको हो । उनी एस० यू० एम० कालेजमा कला अध्ययन गर्थिन् । उनको नाम बासन्ती थियो । घरमा एउटी बूढी आमा सिवाय अरू यस जगतमा कोही थिएन । धन सम्पतिको नाममा त्यही एक घर थियो आफ्नो ! तलामनि आफू जस्तै आमा छोरा किरायमा बसेका थिए । ती युवकले के काम गर्छ र को हो भनि उनीहरूको जीवन कहानी कस्तो होला आदि विषय प्रति जान्न इच्छा गर्थी । परन्तु बासन्ती र ती युवकको बीच अपरिचिताको पर्दा थियो ।

एकदिन यस्तै मेलाको समयमा नेपाली गोष्ठी प्रतियोगिता गरियो । यस गोष्ठीमा बासन्तीले पनि भाग लिएकी थिइन् । अनि ती युवकले पनि । दुवैको बीच परिचयको पातलो पर्दा यसै गोष्ठी–मण्डपमा खोलियो । उसको नाम 'रमेश व्यथित' थियो जसले "समाजको आँखा' शीर्षक कहानीमा उच्चकोटीको छर्लङ्ग गरी देखिने आजको समाज र जालिम दुनियाँको नग्न चित्र उतारेका थिए भनि पहिलो इनाम पनि प्राप्त गरे ।

यस गोष्ठीमा दुवैको बीच परिचय भएकोले बासन्तीले बल्ल मौका पाइन् उसको जीवन विषय पूरा जानकारी लिन । बेलुकीपख बासन्ती रमेशको घरमा सर्वप्रथम पाइला टेक्न पुगिन् । उसकी आमासित आफ्नो परिचय दिएपछि तीन प्राणीको बीच निकै बेर सम्म यस्तै दुःख सुखको वार्त्तालाप चल्यो । तदोप्रान्त बासन्तीको रासो बासो नै रमेशको घर भएको थियो । दुवै साहित्यिक भएकोले दुवैको बीच खुबै गफ छुट्थ्यो । दुवैले नेपाली जाति, समाज र साहित्यलाई आफ्नो ज्यान भन्दा प्यारो ठानेका थिए । यसलाई सुधारी उच्चस्तरको बनाउने तिनीहरूको विशेष ध्येय थियो ।

रमेश र बासन्तीको बीच घनिष्टता बढ्यो प्रेममा परिणत भयो । दुवैको हृदयमा एउटै आकांक्षा र उद्देश्य रहेको थियो । दुवै एक बनी नेपाली जातिमा एकता ल्याउने र नेपाली जन–साहित्य र समाजको उद्धार गर्ने ठूलो र अटल विश्वास थियो । यसमा सफलता प्राप्तगर्न दुवै तत्पर भए । दुवैले कसम खाए, प्रतिज्ञा गरे—जन्म जन्मान्तरसम्म एवम् रीत एक बनी काँधमा काँध मिलाई अघि बढ्ने । समाज र दुनियाँलाई उनीहरूमा रहेको भूल धारणा र मिथ्या बिचार झूठो हो भनीसाबित गर्न—कसैको डर नमानी अघि बढ्ने—हठ् निश्चय गरे । तेज रफ्तारमा दुवैको कदम एक साथ अघि बढ्दे ।

परन्तु यो कदम लक्ष्यसम्म पुग्न नपाई बीचैमा एक दिन रोकियो । यी दुइ मिली यसरी यत्तिको अघि स्वतन्त्र बनी अघि बढ्केको देख्दा दुनियाँका आँखा जल्न थाले । रिस र डाहले चूर बनी दुश्मन लागे । समाजले 'अजात' 'धनि–गरीब' अरू के के अड्को लिई बासन्तीकी आमाका कान फुक्न थाले । अनि

अन्त्यमा केही सीप नलाग्दा बासन्तीलाई साथ लिई तिर्थ जाने निहुँ पारी आमा-छोरी एक दिन यात्राको निम्ति प्रस्थान गरे ।

जानभन्दा एक दिन अघि दुवै भेटगरी आफ्नो पुरानो बचन र प्रतिज्ञाहरूलाई एक पटक दोहोर्‍याई पक्का गरे । यदि दुवै जीवित छँदानै आफ्नो निर्धारित लक्ष्यमा पुग्न नसके दुवैको मृत्यु यसै स्थानमा होस् अनि दुइ आत्मा एक साथ जान सकोस् त्यो लक्ष्य सम्म । हाम्रो यस घटनाले दुनियाँ र समाजको आँखा उघ्रियोस् अनि नेपाली जगतमा पनि बादशाह शाहजहाँ र मुमताज महलको अमर प्रेम कहानी झैं फिंजिन सकोस् र हाम्रो यो अधुरो जीवन उद्देश्यलाई भविष्यका नेपाली साहित्य प्रेमीले यसलाई पूर्ण गरोस्.......।

\+ + +

तीर्थ-यात्रा सकिए पछि आमा-छोरी बनारसमा केही कालको निम्ति बसे । यहीं छँदा एक दिन बासन्तीको हात आमाले एक अपरिचित ब्यक्तिको हातमा सुम्पिदिइन् । बासन्तीले पहिले ता यसको घोर विरोध गरिन् रोई कराई गरिन् परन्तु असफल रहिन् । नारी नै भए तापनि आमाको हृदयमा यस चित्कार र रोदनको असर कत्ति पनि परेन । अन्त्यमा नौलो घरमा नव दुलहीको रूपमा प्रवेश गरिन् बासन्तीले । यसको केही काल पछि उनीहरू सपरिवार पूरानै बासस्थानमा फर्केर आए । यहाँ आउँदा बासन्तीको काखमा एउटा दुइ वर्षको छोरो थियो ।

पहिलेका प्रिय सखिहरूबाट पत्ता लाउन सके कि रमेश आमाको मृत्युपछि पगला जस्तो भएको थियो । बाटोमा जुनसुकै ब्यक्तिलाई "तिमीले बासन्तीलाई देख्यौ ?" "तिमी बासन्ती हौ ?" "भनन मेरी बासन्ती कहाँ गइन् ?" इत्यादि भनि सोद्धथे । यसको केही दिन पछि उ लापत्ता भयो । कुन्नि कता लाग्यो कसैलाई पनि थाहा छैन ।

आह ! कस्तो हृदय विदारक छ यो बिस्मृतिको संज्ञना । उसले ता आफ्नो सत्य बचन पूरा गरिछाड़े परन्तु म भने अझ जीवितनै छु । संसारको झूठो मोहमा फँसेकोछु बास्तविक ममताको गला घोटी । उसले झैं त्यस समय मैले पनि त बचन दिएको थिए, प्रतिज्ञा गरेको थिएं.......। अनि अचानक हृदयमा कसैले जोड़साथ मुड़किले छातीमा हिर्काए झैं उसले अनुभव गरी । आँखाबाट आँशुका बलिन्द्र धारा छुटिरहेका थिए । हृदय चिरिएर आयो । छाति र मुटु अहिलेनै फुट्ला झैं भयो । आफू बसेको स्थानदेखि जुरुक्क उठिन् र यताउति चलमलाइन् । त्यसपछिको घटना के भयो सो अन्धकारले छोपिदिए ।

\+ + +

भोलीपल्ट त्यही घरमा दैलोदेखि लश्कर लागेको मानिसको जमघट मटर स्टाण्डसम्म छरिएको थियो । संधारनेर आइमाईको लाश पटुकामा झूण्डिरहेको थियो । घरमा पुलिसको पहरा लागेको थियो । केही क्षण् पश्चात् लाश पुलिसको गाड़ीमा राखियो र गाड़ो अस्पतालको बाटो लाग्यो । घरमा ताला ठोकियो । त्यहाँ जम्मा भएका मानिसहरू पनि बिस्तार गर्दै आफ्नो बाटो लिन थाले ।

साँझ पर्न पर्न आँटेको थियो । त्यसै समयमा माथिबाट डि० एन० एस०-का स्वयं सेवकबर्गले लाश गाड़ीमा ल्याए । दिपाली मिठाई दोकानबाट "को रहेछ ?" भनी एउटाले सोधे" । हिजको केटा क्या त" भन्दै गाड़ी ठेल्दै उनीहरू भालूखोप तर्फ लागे । यसको केही क्षण् पश्चात् माथिबाट शंख फुक्दै अर्को फूलै फूलले छोपिएको लाश गर्ल्स स्कूलको बाटो ओह्रालो ल्याउँदै गरेको देखियो । यो थियो ती झुण्डिएर मर्ने आइमाईको । दुवै लाश एकसंग केवल अघि र पछि गरी एउटै स्थान भालूखोप तर्फ दौड़ाइरहेका थिए—संस्कार गर्नको निम्ति ।

जीवित छउन्जेल दुनियाँ र समाजका ठेकेदारले प्रत्येक कुरामा यी दुइको बीच अन्तर निकाले……अलग गराए……आफ्नो स्वार्थ र मतलब पूर्ण गराए । समाजको नाक ठाड़ो पार्न र उच-निच र घरानालाई त्यही स्तरमा राख्नको निम्ति दुइ तरूण युवक र युवतीको गला जीवितअवस्थामानैं घोटिदिए । परन्तु आज तिनै दुइ युगल प्रेमी-प्रेमीकाको लाश एकसाथ एउटै पृथ्वीको भूमिमा एउटै स्थानको माटोभित्र संस्कार गरियो । जुन बचन उनीहरूको आपस्तमा थियो अन्त उही मुताबिक हुनगयो ।

करूण ! अति करूण दृश्य यी दुइ प्राणीहरूको यात्राले दिइरहेको थियो । यस यात्रालाई दाँज्न सक्ने ठीक् ठीक् उदाहरण दिन गाह्रो छ । यस ठाउँमा फर्केर आउने यिनी-हरूको हृदयमा इच्छा छैन । उनीहरूको यो यात्रा बनबासको निम्ति होइन न ता घरबासकै निम्ति । यो यात्रा शृङ्खलाबद्ध छैन । एउटा बिश्रृंखल यात्रा आरम्भ गरेका छन् । कहाँको यात्रा हो कहाँ गई टुङ्गिन्छ यसको निश्चित् स्थान कहाँ छ……….त्यो यिनीहरूसमेतलाई थाहा नहोला ।

यस घटनाले नेपाली समाज र जगतमा निकै नै खैला–बैला मचायो । प्रत्येकको मुखबाट यही विषय लिई चर्चागरिरहेको सुनिन्थ्यो । घर-घरमा यो कहानीको घटना बनेको थियो । दुनियाँ अचम्भित बनेका थिए । तरै पनि यस्तो निर्मम हत्या कसको हाथबाट र कसरी हुनगयो, यसमा दोष कसको छ "सो छुट्याउन अझ पनि सकेका छैनन् अनि सायदै यो यत्तिकै "दोष कसको ?" बनी पछि सम्म सोधी रहला नेपाली जगतलाई । सबैको हृदयभित्र एउटै प्रश्न बाँकि रहला—दोष कसको ?

प्यास

रचना एन० क्लेमेन्ट, दार्जीलिङ।

भित्र मनमा कता कता,
अतीतको मीठो स्वप्न,
रहिरहोस् म पौरन्छु उसमा,
आनन्दमा भै निर्भय मग्न ।

तर खोच्छ मुटु आफैं फुट्न
ब्याकुल यो मन जीवन–पथमा,
पलपल मेरा प्यासी नयन
नाच्छन् कसैको खोजमा ।

शायद छैनौ तिमी निर्दयी
भै अर्काकी, बनी कर्मच्यूत
तर माथमा सिन्दूर कसैको
किन मेरो पथमा विषमय कंटक ?

चाहन्छु म ती सब बिर्सन
जीवनका सब मधुमय तृष्णा
तर होला दुइको मिलन कहाँ ?
समाधिमा कि गगनमा ??

छरी पराग फूल झैं
आऊ तिमी यो दिलमा
बुझाउँछु म क्षणभर प्रिये
जीवनको लघु, मधुमय तृष्णा ।

थ्री-क्वार्टर

—कृष्णा

[टिप्पणी—यहाँ लेखकज्यूले आफ्नै वरिपरि देखेका समाजका उच्छृङ्खलतामा दुःख प्रगट गर्नु भएको मात्र हो। अतएव कृपया पाठकगणले यसलाई व्यक्तिगत आक्षेप नठान्नु होला भन्ने हाम्रो सविनय प्रार्थना छ—स० म०]

नेपाली संसारदेखि विरक्तिएर बाह्य संसार चियाउनु पर्‍यो भनी सञ्झारैनेर के पुगेथें द्वय युगल चक्षु नभए पनि युगल-लोचन आकाश मार्ग सयर गर्न पुगेछ। नीलाकाश मार्गका तारागण बीचमा पाएँ कृष्ण पक्षतिर लम्केकी एक अकेली चन्द्रमा। एक अकेली स्त्री पुरुष-हरूका माझमा पर्दा लजाएकी झैं उनलाई पनि लाजले सताएको होला र बादलरूपी घुम्टो ओढ़ी पश्चिम तर्फ दौड़िरहेकी छिन्। जति-जति उनको दौड़ान बढ़्दै जान्थ्यो उति-उति मेरो मनको धड़कन् रातले दिनलाई लखेटे झैं लखेट्दै थियो। यही बीचमा—आह! कति सुन्दरी...! हृदयमा तृष्णा बढ़ाउने, तृष्णा अतृप्तै रहने, तिम्रो सौन्दर्य। तर......हाय......चन्द्रमाको चन्द्रकला—थ्री-क्वार्टर।

थ्री-क्वार्टरको प्रचलन नेपाली जगतमा मात्र रहेन रहेछ तर विश्वले मनोनित गरेछ, भविष्यको विश्व नै थ्री क्वार्टरमा निर्भर भएछ। यस्तै मनमा के के संझदै भावना सागरमा चुर्लुम्म डुबेछु। काननरूपी ओढ़ारमा सानो स्वर टक्कर लाग्दा कल्पना-देवीको काखबाट ब्यूँझेछु।

"आकाश मार्गमा एकोहोरिएर के हेरी गुनगुनाउनु भएको? बिपनामै धताउनुहुन्छ क्या हो? तयारी हुनुहोस्न। घड़ीले पनि पौने सात टेक्न लाग्यो।" झिनो स्वरमा मेरी उसले भनी।

"म त के सोच्न लागेछु, पिक्चर जाने प्रोग्राम थियो नि" झस्केर म भित्र पसें। कला-कारले कुचीले रंग लत्पताउँदै कलामा प्राण भरे झैं मेरी उसले लिपस्टीक ओंठमा घस्दै शृंगार गर्न लागेकी पाएँ।

"पछाड़ि साड़ी मिल्यो ज्यू, छोटो त भएन?" पफले मुखमा पाउडर फस् फस् लाउँदै सोधी।

"हुकुमको जवाब छैन," साड़ीको लगाइ-मा त्रुटि नहोस् भनी निरक्षण गर्न परिक्रमा गर्दै भने, "तर यहाँ साड़ी मिलेनछ, लामो घिस्सिने भएछ।"

"कैंचीमार फरिया चाहिँ यो होइन, हजुर, यो हो साड़ी, लामो त हुनैपर्छ। के साड़ी र फरिया लगाइ पनि चिन्नुहुन्न?" जवाब पाएँ, अटाई नअटाई मुखभरि। साड़ीले प्रगति-को मार्ग पक्ड़ेछ—थ्री-क्वार्टर—लामो—ओभर साइज। मैले धोक्रे सुरुवाल त्यसरी लाएको भए, "बाबुको लाएछ" भनिहाल्ने थिए, तर उसले भने महारानीले सवारीमा लाए झैं फ्याललल घिस्याएर लाएकी थिई। पूर्वी वा पश्चिमी, उत्तरी वा दक्षिणी—कहाँको सभ्यता? मानिस सभ्यताको शिखरमा पुगे वा अ-सभ्यताको.......?

यो पहिरण छ डाक्टरको मिक्सचर जस्तो। जोखी-जोखी अनुमान गरी ओखती मिलाई डाक्टरको मिक्सचर बन्दछ। मिक्सचर-को नामकरण गरिन्छ। न्वारण गरिन्छ। बाहुन बाजे बोलाई न्वारण गरूँ भने भारत सर्कारको कञ्जुसी नमूनाको एक नयाँ पैसा दान दिन पनि दाँतबाट तुरुक्क पसिना चुहुला। येनकेन प्रकारेण चोखिनु त पर्‍यो भनी स्वयं शुद्ध गरी नामकरण गरें—थ्री क्वार्टर।

म त न्वारण गर्नपट्टि लागें, मेरी उसको निरक्षण गर्न त भुलेछु । श्रृंगार त्रुटिपूर्ण नहोस् भनी शिरदेखि हेर्न लागें । केशराशी हराएर भएको छ—थ्री कार्टर । आह !...यो छोटो केशले के सुहाएको !—पुरूष जस्तै । स्त्री र पुरूषको सम्बन्ध टुट्यो अब । भारत सर्कारले जात प्रथा हराउने कानून पास गरेको साथ साथै पुरूष-स्त्री भन्ने जातिसम्म हराएछ । सायद जाति प्रथा जरैदेखि उखेल्नलाई होला ।

अब नेपालको नेपालीत्व कहाँ ? जहाँ संस्कृतिको पश्चिमतर्फ उड़ान छ । कानको च्याप्टे सून, गलाको कण्ठ, नौगेड़ी कहाँ ? सट्टामा थ्री-कार्टर, लकेट; भारत सर्कारको कञ्जुसी नमूनाको अनुकरणमा त्रुटिमुक्त, सय डेढ़ सय रूपियाँको सट्टामा सय डेढ़ सय नयाँ पैसा भए, जोड़ा जोड़ा । सुन्दरीको गलामा लकेटले क्या राम्रो सुहाएको घोड़ाको गलामा घण्टीले सुहाए झैं ।

चौबन्दी चोलो होइन, तर जाड़ो थाम्न पिलासको गुलाबी ब्लाउज, बाहुला त—ठुट्टै—थ्री-कार्टर । जाड़ो थाम्न लाएकी वा हातको त्यो सिम-सितारे काँचको चुरी देखाउन ? हुन सक्छ जाड़ै थाम्न, आज साह्रै जाड़ो पनि । जाड़ोको सामग्री नै—थ्री कार्टर !

गुलाबी ब्लाउजमा सेतो साड़ी औ सेतै जुत्ता हाई-हीलको म्याच गर्न लगाएकी । सायद अल्गी नै छु, सिने सितारा तुल्य देखाउन-लाई होला स्याण्डल पनि हाई-हीलको ओवर-साइज—थ्री-कार्टर । म भन्दा पनि अल्गी पो भई कि भनी छेउमा गई थाहा नपाई नापेको त होंचै पो—थ्री-कार्टर ।

"खोई ? तपाईंले त जुत्तासम्म पनि अझै लाउनु भएको रहेनछ !" एउटा हातमा बेग हल्लाउँदै उसले भनी ।

"लाउँदै" छोटो, मीठो जवाब दिएँ । जाड़ोको याम, ऊनी मोजा लाऊँ भने के भनूँ चल्ती मोजा नै लाउनु पर्‍यो नाइलोनको बुट्टादार । त्यसमा कालो टच्याक टच्याके लाहाँचे चुच्चो झैं नोक भएको इटालियन जुत्ता घुसार्न लागें ।

"जुत्ताले मात्र क्या 'ह्याण्डसम' जी" मैले मपाईं हुँदै भनें, "कम छैन जिराफ भन्दा धेरै ह्याण्डसम । यो शरीरमा यो जुत्ताले कति खुलेको ! जुत्ताको नोक नै हेर्नोस्न—थ्री-कार्टर ।

हास्य-पात्र बन्नु छ र ! फेरि नेपाली भनी मानिसले चिने भने ? सजिलो, सुहाउने पनि, धोक्रे सुरुवाल नै लाउनुपर्‍यो । इङ्गलिस हीरो 'रक-हड्सन' भन्दा के कम ? गोठाले (काउबई) पतलुंग घुसारी पेटी कसें । यसो तल हेरेको त छोराको पो लाएको हो कि भने झैं—थ्री-काटर । अल्पव्ययी ? होइन लुगा त उत्तिनै हो, धुलाइ भनौं भने एक पल्ट मात्र ! के 'स्टाइल' नै यस्तो हो त ? कहाँ लामो जमीन छुने लगाए त मोजाको मोल नै रहेन । 'एक पन्थ दुइ काज' मोजाको मोल पनि थाहा पाउने, गोठाले (काउबई) ह्याण्डसम पनि देखिने ।

कालो कोटमा म्याच गर्न सेतो कमीज घुसारें । बिरह लागेर होइन सुहाउन ऐना हेर्दै घाँटीमा फाँसीको डोरी कस्न लागें । फाँसीको डोरी पनि प्रगतिको शिखरमा पुगेछ—थ्री-कार्टर । मन परेको हुनाले जोगाई, जोगाई समय समयमा मात्र लाउने गरेको कालो—ग्यावर्डिनको कोट धुलो झारी के लाएथें, "मन परेको केटा जेठाज्यू पर्‍यो" भने झैं छोटो पो—थ्री-कार्टर । मन नपरे पनि अमेरिकन कटको चेकको कोट लाउन करै लाग्यो । म्याच त गरेन.......। 'फेल्ट ह्याट्' को सट्टामा संधैं लाउने गरेको कालो खुदुवा नेपाली टोपी ढल्काई लगाएँ—थ्री कार्टर । ऐनामा गई हेरेको त पाएँ आफैंलाई मत्स्याङ्गना । श्रृंगार गर्दा ढिलो पो भयो कि भनी यसो पाङ्रा हेरेको त पौने आठ काँटाले छोपेछ ।

सिनेमा भन्दा त पेटलेसम्म उपवास बस्ने हुनाले चुल्हामा आगोसम्म जलेको थिएन। फेरि श्रृंगार गर्न पनि त समय पाइन्दैन। यसउसले होटलतर्फ उड़ान भयो दम्पतीको, हावाले बादललाई लखेटे झैं म अघि अघि उ पछि पछि। होटलको सानो कमरामा मुखामुख गरी बस्यौं, सुन्दरीको सौन्दर्य हेर्न होइन तर.......।

होटल आफ्नै घर हुनाले मिनुको जरूरी थिएन। दुइ हाफ फ्राइड राइस, दुइ हाफ कारी-को अर्डर भयो। भारतमा अन्नमा भन्दा सन्नमा बेसी बल गर्नु भन्ने कुरो चिनियाँ साइबलाई पनि ज्ञातै रहेछ। दुइ ग्लास पानी ठूला, ठूला ग्लासमा ल्याइदिए। एक ग्लास पानी एकै दममा पिएँ, तिर्खा लागेर होइन भनौ भने असत्य वक्तव्यलाई कसले पत्याउने! सत्य नै भनूँ।

पञ्च-वर्षीय योजनाहरूले खाद्योत्पादनमा धेरै स्फूर्ति देखायो, साथ साथै पेटको पनि त बृद्धि भयो, जनसंख्या बढ्यो। प्रगतिशील संसारमा एउटाको प्रगति साथै अर्कोको प्रगति हुनु निश्चय छ। डाक्टर बढ्दछ त किटाणुहरू पनि बढ्दछन्। यसउसले एक चौथाई पेट पानीले आधा पेट फ्राइड राइस र कारीले फुलियो—थ्री कार्टर।

"अझै केही खान्छ्यौ? अर्डर गरूँ?"

"खाँदै" उसले ओंठे जवाब दिई।

यो शब्दमा कत्रो गहणता, कति मिठास! सुनौ सुनौ लाग्ने नेपाली भाषाको प्रगतिको रूप......थ्री कार्टर! पश्चिमीहरू प्रगतिको सिंढ़ीमा उक्लँदै चन्द्रलोक पुग्ने भए तर पूर्वीहरू (विशेषत नेपाली) उक्लिनुको गाहारोले खाड़ल खन्दै केन्द्र ताक्न लागे। 'न मामा भन्दा काना मामा निको' भने झैं प्रगतिको मार्ग नभियाए पनि अधोगतिको मार्ग छ। सपार्न भन्दा बिगार्न सुगम पनि त हो।

यस्तै मनमा के के सम्झदै थिएँ, मन्दिर-मा पुगेको पत्तै पाइएन। टिकट पनि खुलेछ, मानिसहरूको भीड़-भाड़ले गर्दा लाइन लगाइए-को रहेछ, म पनि अन्त्यमा गएर ठाड़ो परें। लाइनमा ठड़िएको के थिएँ मेरै अघिल्तिर एक बिशाल पहाड़ै उभिएको पाएँ। राम्ररी विचार गरें मानिसै रहेछ त्यो पनि। मेरो निम्ति त महामानिस त्यो अमेरिकन। उसको पछि म... थ्री कार्टर।

टिकटको दाम पो छ के भनी खल्ती कोट्याएँ। केही रहेछ, खुशी लाग्यो। इज्जत-को दावा राख्ने, करूणासागर, पापको भण्डार "बाबु! एक पैसा!!"—भन्दा हजार बेकारी सृजना गर्ने उही एक नयाँ पैसा। दौड़े कुकुरले लखेट्छ भन्दा भन्दै कुकुर भुक्दा दौड़नपट्टि लागिन्छ। दिंदैन भनी जान्दा जान्दै पनि एक मगन्ता मेरो अगाड़ि आई, "बाबु! एक पैसा!!" भन्यो। पाकेटमा एक नयाँ पैसा भई भई पनि दुमो राखेर मैले भने, "छैन, जा।" फेरि उसले केही भन्न आँटेको मात्र थियो मैले हकारेर भने, "कस्तो माग्ने रहेछ! छैन भनेको, अहिले टिकट मात्र नपाओस् त। साइत बिगार्न आउँछस् यहाँ।" बिचरा फनक्क फर्केर अर्कैतिर माग्न हिंड्यो।

यस्तै छु म,......यस्तै छ संसार......!

केवल त्यो एक सपना थियो

—तिलक थापा, दार्जीलिंग।

फूलमायाको सिन्दूर पुछिएको पनि आज महीना दिन पूरा पुग्यो । स्वास्नीको पवित्र प्रेम र छोराको असीम स्नेहले पनि उसको लोग्ने सानेलाई क्रूर कालको पञ्जाबाट बचाउन सकेन । अब उ भएकी छ, अनाथ-अबला, आश्रयहीन, धरतीको बोझ, विधाताको उपहास, एक विधवा । आडम्बरपूर्ण ढोंगी समाजको दृष्टिकोणमा भने राँड़ी, बोक्सी र लोग्ने टोकुवीको उपाधि पाउन योग्य । उसको विशेषताने यसैमा छ । "जो होंचो उसैको मुखमा घोंचो" भन्ने कलापूर्ण उक्ति परम्परादेखि चलिआएकै छ, अतः त्यही रूढ़िबादको परामर्शको फलानुसार कालले मरे पनि जिब्रोकै दोष हुनु स्वाभाविकै हो । यसकारण आज उसलाई समाजको अनेकानेक उपेक्षा र यातना सहन कटिवद्ध हुनु कर लागेको छ, औ साँचै भनौं भनेता यी यातना सहन नै उसले यस संसारमा जीवन लिएर आएकी छ ।

मध्यरात सम्म पनि उ हतोत्साहपूर्ण छोरालाई काखमा लिई विलौनापूर्वक सुँक सुँक गर्दै रून्छे, कहिले पगली झैं त्यसै गुनगुनाउँछे, अनि नैराश्यको भावले, छोराको कलिलो अनुहारमा, टुलटुल हेरी उ आफ्नो अतीतको सुमधुर दिन संझन थाल्छे—त्यो समय जब उ माइतमा थिई, जहाँ उसको हरियालीमय जीवन थियो, बनको उन्मुक्त चरीको झैं । ती मनोरम दृश्यहरू एक एक गरी चलचित्र सरी उसका आँखा अघि नाच्न थाल्छ । कसरी उ वरपरका साथीहरू-सित खेल्थी, बाझ्थी अनि एकै छिन पछि फेरि उही वालक्रीड़ामा मस्त हुन्थी । त्यसपछि उसले गाई चराउँथी, बाख्रा चराउँथी अनि रमिते डाँड़ामा साथीहरूसित घाँस काट्न जान्थी, लय हाली हाली गीत गाउँथी । अहा ! कति सुरम्य सरस जीवन ।

तर जीवनको अधरमा प्रथम पूर्ण यौवनको लालीले के गुञ्जायस हुन आँटेको मात्र थिई, एक दिन उसलाई माग्न भनी बर आएको यथेष्ट कुरा फूलमायाले चालपाई । उसलाई वसन्तको दिनमा स्वतन्त्रताको पंख फर्फर पारी डुलिहिंड़ने हरियाली रानी बननै डड़ेलो लागे झैं लाग्यो । उसले पितासित यसको घोर विरोध गरी, अनेक अनुरोध गरी तर सब ब्यर्थ । उसका पिता ठहरियो नै हठी, सनातन धर्मका कट्टर पुजारी, एंव पुरानो बिचारधाराका मानिस, तब नाथे छोरी जस्तीको विनय के सुन्थे ? एक कानले सुने पनि अर्को कानले उड़ाए । पहिलेता फूलमायालाई मरौं मरौं पनि लाग्यो । नारीको जीवन लिई जन्मेकोमा आफैंलाई धिक्कारी, नारीको जन्म नै अभिशाप ठानी । उसले अघि साथी-हरूसित घाँस काट्दा गाएको गीत संझी "... छोरीको जन्म हारेको कर्म अर्कैको शृसारे" उसलाई त्यो गीत गाऊँ गाऊँ लाग्यो, सुनौं सुनौं लाग्यो अनि उसले मन बुझाई छोरीको जन्म लिएपछि माइत छाड़ी पराई घरनै एक दिन न एक दिन सिंगार्नु पर्छ, जगको रीतनै यही अरे । फूलमायाको बिहा पनि भयो । उ रूँदै रूँदै आँसुको पर्दा लगाएर माइत छाड़ी, लागी पोइको गाउँ तिर दुलहीको रूपमा । तर सासू पाई मापाकी, बात बातमा, कदम कदममा जगटा लुछन बाघले झैं झम्टिने । बरा फूलमायाले पनि कति देखावोस सहनशीलता सासूको यस्तो अपर्झटको कटुव्यवहारमा । अलिक दिनमै सासू-बुहारीको चल्न थाल्यो गृहयुद्ध । आखिरमा फूलमाया र उसको लोग्नेको भान्सा छुट्टियो, घर अलग भयो, जग्गा-जमीनको हिस्सा लाग्यो । उसले पनि संसार यस्तै रहेछ भनी पृथ्वीमै स्वर्ग सजाउन थाली । शनैः शनैः एंव रीतेन

कति हिउँद् बिते कति वर्षा बिते थाहा नपाई । कैयौं वर्षको प्रेमको परिणाम स्वरूप भविष्यको सहारा एउटा छोरा पनि जन्म्यो । तर छोरा जन्मे पछि भने दशाले पनि साथ साथै छोड्यो । दुखाई पीराईले छोड्ेन सुख शान्ति कहिले मिलेन । छोरो वर्षदिन नपुग्दै साने बिरामी भएर थला पऱ्यो । आज भन्दा भोली, भोली भन्दा पर्सी साह्रो हुनु सिवाय बिरामीमा केही परिवर्त्तन आएन । फूलमायाले पनि भएको जेथाले धामी–झाँक्री लगाई, औषधी मुलो गरी, गाउँ छिमेकीलाई गुहारी । तर.........तर एक दिन यो सबका बदलामा सानेले स्वास्नीलाई राँड़ी र छोरालाई टुहुराको रूप परिवर्त्तन गरिराखेर सदैंवको निम्ति विदा लियो । फूलमाया छाती पिट्टी पिट्टी रोई, खुबै रोई, तर उसको रूवाईले चिर निन्द्रामा मस्त सुतेको सानेलाई केही असर पारेन उसले पुनः आँखा खोलेन । फूलमायाले कैयौं वर्षको अथक परिश्रमले सृजना गरेको भव्य महल पनि मृत देहको खरानी तुल्य चूर चूर भई यत्रतत्र छरियो । अबता उसको निम्ति जीवननै नीरस अन्धकारमय छ । सानेको प्रेम स्नेह माया–ममताको डोरो पनि खुकुलिएर केवल अवशेष मात्र फूलमायाको संझना र आँसुमा अड़िएको छ । एक एक पल गर्दै अब केही समयमै कति दिन कति रात बित्नेछ अनि बितिरहनेछ; बिस्तारै सानेको स्मृतिको बादल पनि विस्मृतिको पवनले उड़ाएर फूलमायाको याद देखि मेटिनेछ किन कि केवल त्यो एक सपना थियो ।

रात निस्तब्ध अन्धकार छ । दिनको कोलाहलमय वातावरणलाई टाढ़ा पन्छाएर त्यहाँ शून्यताले चारैतिर छाएको छ । पर.......चिहाने डाँड़ामा भने स्याल एक तमाशले विरह रागमा अविरल गतिले कुर्लिरहेछ मानौं कसैलाई सहानुभूति पो दिइरहेको छ कि या ऊ पनि आफ्नै कटु-जीवनको असह्य मार्मिक चोटको ब्याकुलताले कहाली कहाली चिच्याइरहेछ । त्यस निर्जन स्थानको कुनै एक कुनामा कुनै एक जीर्ण झुप्रोबाट भने अझै एक अबलाको रोदन चित्कार स्पष्टै प्रतिध्वनित भइरहेछ ।

On behalf of the Staff and Mr. Ahoy of

KUMUDINI HOMES

* * * *

On the eve of your Journey abroad for the cause you are striving for we wish you bon—voyage.

Knowing you as we do, we have all our hearts and congenial affection during your sojourn, and pray for your safe Journey.

With all our love and best wishes.

Dated:—the 5th. May, 1961.
KUMUDINI HOMES.

हृदयलाई

मदन कुमार क्षेत्री

तिम्रो जीवनको अपूर्ण पथमा, पर्खी रहेको म हूँ !
तिम्रो जीवनको अनन्त पथको, साथी बनेको म हूँ !!
पाऊँला भन के रूवाइ दुनियाँ, आँसू लुकाऊँ कता
हाँसूला कसरी बिषादि वटुली आँखा भिजाई म ता ।
हूँला दूर विदूर भव्य जगमा, संझी बितेको दिन;
संझौली मनमा कुनै दिन यहाँ, सारा विरानापना,
यौटै जून सुदूर देखि दुइले, त्यो रातमा हेरूँला;
सारा यो अघिको पुरातन कथा, हामी दुवै संझुला ।

तिम्रो पागलले पुनर्मिलनको, आशा गरी साँझमा,
आऊँला उसको सहर्ष दिलले, भेट्नै भनी आशमा,
तारा ती स्मृतिका सुदूर नभमा च्यपटी रहोस बेसरी
सामाग्री-कविता जुटाइ मनमा, लेखूँ यहाँ के गरी—

फुल्छन् फूल भने फुली रहन द्यौ, वैरागिको वागमा,
हाँस्छन् ती दुनियाँ भने बिषयको, साक्षात् म छू काखमा,
हौली नित्य हसाइ जीर्ण कुटिमा, साकार साथै रही,
हाँस्ला यो कलिको मुहार घरमा, वाधा अनेकौ सही ।

छाया-वस्तु वनो प्रिये ! प्रणयको, प्याला संधै नै भरोस्
साक्षी याद पनी सदा अनलमा, जल्दै नजल्ने वनोस् ।
भूल्यौ रागनमा प्रभात नभई, आँधी न चल्दै भने,
पर्खें धेर विरक्ति मर्न नसकी फर्के बलैले भने,
तड्पी मर्न सिकं भनूँ र कसरी बाँच्नै न हुने यहाँ
"फुल्थे फूल सबै कहाँ गगनमा भूली छरेको यहाँ" ।

यो हो भग्नपना सदा हृदयको हुन्थ्यो प्रभाती कहाँ
आएँ जीवनमा प्रफुल्ल दिलले आशा भरी साथमा,
लेखे हूँ कविता विभत्सपनमा देख्यौ रूवाई कहाँ
जल्दो यो दिहको विलुप्त पथमा जल्दै रहोस् यहाँ— ।

आकांक्षित् पथमा त पुग्न नसकी हाँसू म कैले यहाँ,
यस्तै पथमा म अल्मलिएको यस्तै म हूँ बाधक
यस्तै मात्र छ गीत वीक्त लयको यस्तै बनेको सव
फुल्दो यौवनको बसन्त दिनमा फुल्दै रहेको ब्यथा— ।
कस्ले सुन्छ यहाँ विर्दीण लयको बेहाल मेरो कथा
होला त्यो जब भङ्ग मौनपनको आशा निराशा सरी !
वाँचूँला कसरी विदग्ध दिलले संवन्ध अर्कै गरी !!

उसको क्रन्दन

—केवल बहादुर थापा।

अहो तपाईं ! क्षण भर हल्ला बन्द गर्नुहोस् त। यो कर्फ्यू अडर हो। अब मेरो पाली आयो। म तानाशाही डिक्टेटर हूँ। स्याबास ! तपाईं चुप हुनु भएछ। धन्यवाद ! अब कथा शुरू गरौं त। सुन्नु होस है। उहिल्ये नै अरे..........ओफ ! तपाईंलाई त दिक्क लाग्दो होला। हुन ता मेरो कथा नै यस्तो छ तर पनि यसरी शुरू गरें भने तपाईं सुन्नु सक्नु हुन्न क्यारे। होस् त बरू सुन्नेलाई फूलको माला न पहिराउँला। अच्छा उहिले नै चीन देशमा.......हैन हैन कुरो लम्बिएछ उहिल्ये देखिको जुजु च्याप्जुका पुस्तावली जोरेर ल्याउँदा तपाईंले पनि आफ्नो पुस्तान्दर पुस्ता हुँडलेर ल्याउनु होला। आज त्यो युग छैन। मेरो बा जिजुले धिक संग भात खान्थे भनी बासना धारण गराएको जस्तो मात्र आज होला। त्यसैले हिजो आज नै तपाईंहरूको आँखाकै अघाडि दायाँ–बायाँ—नहेर्नु होस् ती......एउटा स्वच्छ सेतो अनुहारको कालो बस्त्र धारी युवक छ। त्यसलाई चिन्नु हुन्छ ? नियालेर हेर्नु होस। चिन्नु भो ? धत् कस्तो तपाईं त मलाई पनि न चिन्ने। त्यो म हुँ। मेरो गर्भको स्तिथि बाल्यावस्था इत्यादि त के जान्नु हुन्थ्यो तर तरूण अवस्थाको म एक युवक तपाईंको सामुन्ने हाजिर छु। त मेरै अनुहारको वर्णन गरूँ न त ! मेरो सेतो अनुहार छ लाली र पाउडरको म सौखिन छैन। लिप्स्टिक पनि छुन्न। छकेट र नकेट हुन मलाई लाज लाग्छ। कारण म मेरो लागि बाँचेको छैन, बाँच्दिन अनि अर्काको लागि बाँच्दै आएको पनि छु। यो मेरो पैत्रिक हक हो मलाई के गरीब के धनी सबैले चिन्छन्। म पाको भएको छैन तपाईं जस्तो। मेरो वर्ण फेरिन्छ। सिदीलेक सागरमाथादेखि लिएर तल तल कल्पित विषुवत् सम्म मेरो अनुहार एक छ। न गालामा लाली चढ्न सक्यो न औंलले पहेंली चिनीया चम्प केरा झै बनाएको छ। न आफ्नो इच्छा पृथक छ न उमङ्ग। हो, तपाईं भन्नुहोला हामी झै स्वतन्त्र भए पो त ! तर तपाईंलाई त भर्खरै देखेको हो। तपाईंका जिजु च्यापजु पनि यस्तैनै जस्तो परतन्त्र नै थिए। मैले देखेकै कुरो निमोनियालाई नौलो भनी पुज्ने तर स्वतन्त्र भन्दा परतन्त्र नै राम्रो तिनीहरू भन्थे। म भन्छु त्यसैले होला स्वतन्त्रताको आफ्ना गुठबन्दी र भाई चारा पनि कम खतरा हुन्छन्। ज्यू नत्र कैकयी र दशरथलाई कौशल्या र राम भएर भएन उत्तानपादलाई ध्रूव भएर सोध्नु होस त। ए फेरि कुरोले त निकास छिचोलेछ। एक क्षण बिसाउनु होस है। म दुइ चार वटा अड राखी भल नपस्ने गरी फर्काउनु पर्‍यो। हो म मेरै बारेमा भन्दै थिए। कति विचार गरी हिंड्दा पनि मेरो हात झरेन केश पाकेन। गाला चाउरिएन। गिजा मात्र देखिएनँ। आँखाको ज्योति हराएन। कस्तो अजम्बरे बैंस हो यो। तपाईं ता सुनेर आरिस गर्नु हुन्छ होला। झन देख्नु भो भने। यो पापी जीउ पनि सुकदैन। तपाईंकी श्रीमतिले पनि मलाई देखेकी छिन्। आफ्नो दर्दनाक कहानी खुलुक्क सुनाएकी छिन। घर गएर सोध्ने निहुँले हुप्प फुकुन्डो फुलेको झैं अनुहार लगाएर न च्याँठिनु होस नी। मैले कहानी सुने मात्र तर आँखा झिम्काइन। तपाईंले तीनै श्रीमति संग सम्बन्ध गाँस्ने निहूँमा कति चोटी म संग सहारा लिनु भएको अहिले जस्तो लाग्छ। कति चोटी सुन्नु भो कहिल्ये बौलाहा हुन भो कहिले भन्नु हुन्थ्यो—'उसलाई पाइन भने धतुरो घरमै छ के ? धत् कस्तो कमजोरी तपाईंमा ! सबै कुरो मैले मिलाई दिएं। विवाह भो। जोइ पोइ भन्ने दुइले मलाई बिर्से ! अझ ! मानव कृतज्ञ न कृतघ्न, उपकार र आपकारका दुवै साधन र साधक नभए तेरो सृष्टिको जड के न उखेल्छिई रहन्थ्यो त ?

साहा ब्रह्माण्डलाई आफ्नो फूर्सद छैन। तर म, म जन्मदै खसी भएकोले बाखी पनि ब्याई कनै बेत बसेकीले आफ्नो भने घरमा रूने नानी

छैन । फुल्याउनु पर्दैन । तपाईंको झै एक क्षण हेरिदिने छैन ! झाडा पिसाबमा लन्ठा र झन्झट छैन । खुवाउने पियाउने र सुताउने काम पनि हराम नभएर आराम बन्दै गई रहेछ । कत्रो भाग्यमानी म कति अभागी तपाईं ।

शायद तपाईंले के दिनमा यस पाजीको गोडा मलेछु नी भनी पश्चाताप गर्दै हुनु होला । तर तपाईं ता के तपाईंका पिता, पितामह, जिजु बज्यापजुले पनि मलाई नहेरी भातै खाएनन् । त्यत्तिको माया थियो मेरो आजका पुलिस, इन्स्पेक्टर, वकिल, गुरूबाबु, बिधान सभाका सदस्य, अंग्रेजीमा M. L. A. भन्नु हुन्छ भने नेपालीमा पनि वि: स: स: भन्नुहोस् अरूले विधान सभाका सदस्य भनुन् वा बिग्रेका समाजका सदस्य भनुन् , मन्त्री, उब्रेका ज्या बिराएछ, उप-मन्त्री यी सबै मेरै भर पर्छन् पाउ मल्छन् । इन्जिनीयर, ड्राफ्टस्म्यान, गुरूबा बाहिर जत्तिकै आढ अड्डैसो दिए पनि, फूर्ति छाँटे पनि, बुभनु भो ज्यू म संग आफ्नो कमजोरी बताउन चुक्दैनन् । यस्ताका फेला पर्नु भो भने तपाईंलाई पनि मलाई जस्तै निकासी र पैठारी, पैठोरी र निकासी गर्छन् नै । बड़ा बदमास छन् है यी । अँ एउटा कुरो तपाईंलाई खुस्लुक्क भन्दै छु नी । तपाईंको एका तिर भाइ अर्को तिर छोरीको पनि चाला ठीक छैन है । अस्ति भाइ आएर डाँको छोड्यो, मलाई घच्घचायो, उठायो । आधा रातमा म उठें । उसले बेली बिस्तार कहानी सुनायो—उसको विवाह आफ्नो इच्छा विरूद्ध गर्ने तर्खर भएको । अनि एउटीको मा मलाई कदकाल पठायो । उत्ता पटि छोरीले स्त्रीको धर्म्म हारेको कर्म्म अर्काकी सुसारे भन्दै आँखा भरी आँसु पोरेर म संग भनी "शायद अब चाँडै माइत छोड्छ होला ।" उसले भनी—आँट तिम्रो, देह तिम्रो म त केवल छाया हुँ । वरपर हेरी अनि सास फेरेर केही हाँसी । उसको ओँठ थर्थर हल्ली रहेको थियो । त्यो कम्पले मेरो पनि उप भूईंचालो भयो कि जस्तो देह भइ रहेथ्यो ।

यी सबै घटना लेखी तपाईंलाई बिस्मात बनाउने मेरो आदत थिएन । तपाईं—तारापतिको—म भानुभक्त पनि हैन । यत्रो शिक्षा दिनु त कहाँ उचित नाम जान्ने कौतुहल मचिई सकेको होला । तपाईंको भाइ र छोरी बोलाएर म संग जोड़ाउने अटोट पक्कै गर्नु भएको छ की । रिसले चुर्मुरिनु भएको होला । तर शान्त ! तपाईले ताण्डव नृत्य देखाउन पर्दैन । तपाईं ज्योतिषी बनेर मेरो कुण्डलीको जोगिनी दशा र भिछनी चक्र गन्न सरोकार पोरोईन ! निचरेर मार्ने धृतराष्ट्रको तागत भए पनि म निचोडिएको कहि—मित्र हूँ यस्तो मलाई पिड़ा गर्दैन । हो मेरो सेतो रूप छ पिठो पोतेको जस्तो । कवि, लेखक, नाटककार देखि इन्जिनियर टाइपिष्ट, वकिल, गुरूबाबु, किरानी र दोकानदार सम्मेतले चलाउने म सेतो फुलस्केप कागज हुँ । प्रेमले, रापले वा रहुसके तपाईंका परिवार तपाईं, तपाईंकी श्रीमती, भाइ, छोरी सबैले निर्जीव कालो टुँदोले मेरो स्वच्छ खेत वहस्थलमा चिरा चिरा पार्दै कोरेका छन् । त्यो उनीहरूको ज्ञान लिपाई र पोताई रे । मेरो देहलाई छिया छिया पार्ने ज्ञान, मैले अब्भर गरेको छु । कालो अक्षरले पोल्दै, सुखका, दुखका, प्रेम मिलनको वियोगका निर्माणका कान्तिकारीका तथा बास्तविक तथा कल्पित कहानी म माथि को छैन । सुनाउँछन् म सुन्छु । अर्कोलाई देखाउँछु आफ्नो बह न पोखी कन । तपाईंको हातमा भएको र यो तपाईंले पढ्दै गरेको पनि मेरो, क्रन्दनको रूपान्तरिक आकार हो ।

अधुरो स्वप्न

बालकृष्ण पराजुली, सन्त जोसेफ कालेज, दार्जीलिंग।

मीराको आज हर्षको सीमा छैन। गम्भीर स्वभावकी मीरामा आज जाज्वल्यको झलक देखिन्छ। हतार हतार उ घर तर्फ लागि-रहिछ—उसको मन उकुस मुकुस भइरहेछ—सेन्ट अप टेस्टमा पास भएको हर्षको समाचार प्राण भन्दा पनि प्यारी आमालाई सुनाउन। उसको मनले स्वस्थ रूप लिएको छ—विभिन्न विचारको द्वन्दले गर्दा। उ त्यो निष्कर्षमा पुग्न सकेकी छैन—प्रवेशिका परीक्षा पास गरेर के गर्ने? उसको उत्कट इच्छा छ अरू सहपाठिका झैं कालेज जाने उच्च शिक्षाको निमित्त। फेरि उसले देख्छे आफ्नो अघि एक राक्षस—आर्थिक समस्या रूपी। केही विचार गर्न नसक्दै उ घर पुगी।

सन्ध्यारूपी परी पश्चिम दिशामा आफ्ना परम प्रेमी सूर्यनारायणको आगमनमा मधुर मुस्कान भर्दै स्वर्गबाट ओर्लिन लागिन्। प्रकृतिले सुनौला रंग लिइन्। मानिसहरू पनि दैनिक क्रियाबाट मुक्त भई थकित चालमा आफ्ना आफ्ना डेरा तर्फ लागे। कतिपय बजारका पसलहरू बन्द हुन थाले। मीराकी आमा पनि दिन भरको परिश्रमलाई तिलाञ्जली दिंदै आफ्नो हाते कल थन्काउन लागिन्। ती दुइ प्राणीको गुजारा गर्ने साहारानै थियो, धनको नाममा—त्यै एउटा हाते कल—स्वामीको स्वर्गवास पश्चात् मीराकी आमाले आफ्नो पेवा पैसाले किनेकी थिइन्। मीराकी बाबु एक जडयाँह, जुवाड़े—वास्तवमा भनौं भने आमाको एक पासो। ४५ वर्षको उमेरमै छोरीलाई आमाको साथ छाड़ेर परलोक भएका थिए। बाबुको परलोक पश्चात् ती दुइ प्राणीले हुन सम्मको दुःख झेल्नु पर्‍यो। रहिले-को बुड़ा बुड़ीको भनाई—कि पड़ेर कि परेर मानिसको चेत खुल्छ भने झैं मीराकी आमाले कतिपय दुःख झेल्दै आउनु परेकोले सहजै उनले एउटा हाते कल किनेर—लुगा सिउने पेशा लिएर संसार सित द्वन्द गर्न अग्रसर भइन—एउटै छोरीको पालन पोषण र शिक्षाको निमित्त। बजारमा एउटा सानो किरायको कोठामा ती दुइ आमा छोरीले आश्रय लिए। बाबुले छाड़ेर जाँदा मीरा दोस्रो श्रेणीमा पढ़्दै थिई तर अब त बालकपनले भरखर छाड़ेर यौवनको शानदार खुड़किलोमा पाइला हाली। यसपाला उसले प्रवेशिका परीक्षा दिन्छे।

"आमा! म पनि ट्यूसन जान्छु, अरू साथीहरू सबै जाने रे"—मीराले चिया पिउँदै भनी। आमा चामल केलाउनमा व्यस्त थिइन् तर मन भने उही मीराको भविष्यको तर्क वितर्कमा व्यस्त। छोरीको ट्यूसन जाने मांग बुड़ियाले पहिले त बुझ्न सकिनन्। बुझेता पनि गरिबीको घोक्रो पसारिएकोले उनले छोरी-लाई सम्झाउने कोशिष गरिन्।

"के रे।—स्कूलको पाँच रूपियाँको फिस बुझाउन त साह्रो पर्दथ्यो अब ट्यूसन फिस बीस रूपियाँ महीनाको कहाँ बाट ल्याउने। तँ पनि अब त ठूली भइस्—बुझ्नु पर्ने, फेरि भएन त्यो पल्लो घरको प्रकाशले त ट्यूसन न स्यूसन कहिं नगई पास गर्‍यो त, दशौं श्रेणी सम्म पड़े पछि पनि के को ट्यूसन"—आमाको भनाईमा चातुर्य थियो। हुन पनि आजकल दार्जीलिंगमा ट्यूसन एउटा फेशनको रूपमा खड़ा भएको छ। पहिले पहिले शिक्षाको क्रम टुटेका-हरूले घरमै अध्ययन गरेर वा कुनै शिक्षकसित ट्यूसन लिएर पास गर्ने चलन थियो। तर आजकल के शिक्षाको क्रम टुटेका के दशौं श्रेणी सम्म पास गरेका सबैलाई ट्यूसनको हावाले छोएको छ। दार्जीलिंगका कतिपय शिक्षकहरू फाइनलको बिडो आफ्नो हातमा लिए झैं दिनमा

एक डेढ़ घण्टा युवक युवतीहरूलाई जादु देखाएर पित्तले मुँड़ी फर्काएर हिँड़छन् । वास्तवमा भनौं भने तिनीहरूको सिजन (season) लाग्छ तीन चार महीनाको लागि ट्यूसनको साथ साथै दार्जीलिंगको पढ़ाई विभागमा विशेष गरी प्रवेशिका परीक्षार्थीहरूमा अर्को एउटा फेशनले हावाको दम लिएको छ—त्यो हो टेस्ट पेपरको चाल । हुन पनि चार-पाँच इञ्च मोटो किताप-कालो कागजको खोल हालेको, कालो पञ्जामा टिक टिक सेतो फूल हानेकी हातमा समातेर हिंड्दा हाम्रा दार्जीलिंगे प्रवेशिकाका परिक्षार्थी-हरूलाई के राम्रो सुहाएको । झन छात्राहरू-लाई त सेन्ट अप टेस्टमा पास हुँदा दङ्ग्याएर किनिमागेको ओभर कोटले त के खुलेको—स्वर्गको परी झैं । मीरा गरीबी चटानको मर्म बुझेर हो कि किन हो ओभर कोटको मांग त गरिन् तर ट्यूसन जानमा आफ्नो हठ छोड़िन । विचरी आमाको केही लागेन ।

आफ्नो एक तोलाको बुलाकी मासेर भए पनि मीरालाई ट्यूसन पठाउने भइन् । ट्यूसन जाँदा स्कूलको जस्तो लुगाले भएन, एक दुइ जोर त फेशनदार नै चाहियो । मीराको यो मांग पनि पुरा भयो । एउटै छोरी बुड़ेस्कालको सहारा—दिल दुखाएर भएन । तर मीराको चैतन्य पुरा मात्रामा थियो । उसले फुर्सतको समयमा आमालाई काम सघाउँथी । विहान चार बजे उठेर पढ्थी, बेलुकी दश बजे सम्म । साँचै भनौं भने मीराले पढ़ाई भन्दामा मरिमेटिकी थिई । अरू साथीहरू सरह प्रवेशिका परीक्षा पास गरेर कालेज जाने उसको उत्कट इच्छा थियो, तत् पश्चात् बुढ़ी आमाको सेवा गर्ने । तर आमाको भने विपरीत इच्छा थियो । छोरीले पास गरे पछि योग्य वर खोजेर विहे दान गरि दिने । उनको यो अभिलाषा पूर्ण हुन सके सञ्चले मर्न पाउने थिए भन्ने भनाई थियो । आमाले यहि उनको छोरी माथिको अन्तिम कर्त्तव्य सम्झन्थी । आमाको यो विचार सरासर मीराको इच्छाको विरूद्ध थियो । कति पल्ट त आमा छोरीको यस विषयमा वहस पनि चलि सकेको थियो । हुन पनि आजकलका बुड़ा-बुड़ीमा जतिकै आधुनिक रहन सहनको असर परे तापनि विवाह सम्बन्धी संकीर्ण विचार अझ हट्न सकेको छैन । उनीहरू छोरा-छोरीको जोड़ा बाँधिदिनु एउटा मुख्य कर्त्तव्य ठान्दछन् साथै त्यो बोझ चाँड़ै पन्साउने प्रयत्न गर्छन् ।

फाइनल पनि सकियो । सबै विषयमा असलै गरेको भए तापनि मीरालाई कसैले फाइनल कस्तो भयो भनि सोधे—फाइनलको कुरो हो, आशा त साह्रै छैन भन्थी । आजकल मीरा दिन भर आमालाई काम सघाउँछे, गम्भीरताको मात्रा अझ बढ़ेको छ । आमामा एक प्रकारको प्रशन्नताको झलक देखिन्छ सायद कठोर परिश्रमको आधा हिस्सा कम हुन गएकोले हो कि ।

मीरा हतार हतार दौड़ीरहेकी थिई । दोस्रो दर्जामा प्रवेशिका परीक्षा पास गरेको हर्षको समाचार आमालाई सुनाउन घर तर्फ आइरहेकी थिई । परबाट टेक्सी आएको देखिन क्या हो ड्राइभरले कति कोशिष गर्दा गर्दै पनि मीरा पर्न गई गाड़ीका चक्कामा । अत्तासिएको स्वरमा मीराले एक शब्द मात्र बोल्न सकी—आ....मा । आवाजमा तिव्रता थियो । "के भयो नानी, कस्तो स्वप्न देखिस्"—आमाको आवाज थियो । मीराको मुटु ढुक ढुक हुन थाल्यो, मुखबाट आवाज निस्कन सकेन । बल्ल बल्ल अलिक सास रोक्दै रोक्दै आमालाई भय-भीत स्वप्न कही । आमाको मनमा चिसो पस्यो । हुन पनि भोलि पल्ट प्रवेशिका परीक्षाको फल जाहेर हुने दिन थियो । दुवैलाई निन्द्रा लागेन, शोक सन्तापले छोप्यो । दुवैले दुःख सुखको गफ गरेर रात काटे ।

विहान भयो । मीरालाई के गरूँ, कसो गरूँ भइरहेको थियो । आमाले भात पकाइन् तर मीराले खान मन छैन भनी । आमाले पनि खाइनन् । शीला—मीराकी साथी आएर स्कूलमै परीक्षा फल सुन्न जाने प्रस्ताव पेश गरी—मीराले

नाई भन्न सकिन । सन्ताप र वेदनाको ज्वाला लिएर मीरा स्कूलतर्फ लागी । स्कूलदेखि वर नै मीराकी साथीहरू बधाई दिन पर्खिरहेका रहेछन। मीरालाई देख्न साथ हात मिलाउन आइपुगे । हिज रातीको स्वप्नले यथार्त् रूप लियो। मीरा दोस्रो दर्जामा पास भई । मीराको अनुहार मलिन भयो । साथीहरू सित बिदा भएर हतार हतार घर तर्फ लागी आमालाई हर्षको समाचार सुनाउन ।

उता आमा मीरा स्कूल गएकी एक घण्टा बाद मुटु दुख्ने व्यथाले सिकिस्त भइन् । वर परका छर छिमेकहरू आएर कोही नाड़ी छाम्न, कोही झाँक्री बोलाउन लागे। मीराले पर बाटनै देखी आफ्नो घरमा मानिसको भीड़, आश्चर्य चकित भई—यो के हो भनेर । कोठा भित्र पसेर हेर्दा देखी आमालाई सिकिस्त—ओछ्यानमा। के गर्नु पर्ने केही तथ्य विचार गर्नु सकिन । झाँक्री बिरामीको छेउमा बसेर फुक्दै थियो । आमाले छोरीलाई एक पल्ट हेरीन् ,बोल्ने ताकत नभएकोले दुइ नेत्रको दुइ थोपा आँसुले आफ्नो वेदनाको सुझाउ गरिन् । मीरा एक क्षण पनि त्यहाँ अड्न सकिन । हतार हतार डाक्टर बोलाउन हिंड़ी । मीरालाई के थाहा कि हिजको स्वप्न बिपनाको रूपमा उसको पछि दौड़िरहेछ भनेर । हिज रातीको स्वप्न परिवर्त्तन भयो विपनामा । हताशपनमा मीरा पर्न गई टेक्सीको चक्का मनि । मीराले एक शब्द मात्र मुखबाट निकाल्न सकि....आ....मा । त्यस पश्चात बेहोश । मीराको आ....मा शब्दको साथ साथै उता आमाले पनि अन्तिम श्वासमा एक शब्द पुकारन सकिन्...मी....रा...।

एमबुलेन्स ल्याएर मीरालाई झट्ट अस्पताल लगियो बेहोश अवस्थामै । अपरेशन खतम भयो। अपरेशन कमरामा सन्नाटा छायो । देवलको घड़ीले मात्र सन्नाटा चिर्दै छक-छकको आवाज दिइरहेको थियो । रातको दश बजेको थियो। सबैको एकनाश दृष्टि थियो मीराको शरीर माथि । सबैले मीराको कल्याणको निमित्त मन मनै प्रार्थना गर्दै थिए । मीराको अलि अलि चलमलले सबैको मुखार बिन्दमा हर्षको रेखा दौड़ियो । तर अभाग्यवश मीराले अन्तिम श्वास फेरि साथै एक शब्द पुकारी आ...मा। शायद आफ्नो परीक्षा सफल भएको समाचार आमालाई सुनाउन स्वर्ग तर्फ लागेकी होली । विधिको विधान अपूर्व छ यसलाई तोड्न सक्ने शक्ति कसैको पनि छैन । स्वयं भगवानले पनि यसलाई पराजित गर्न सकेनन् । आफ्नो परिश्रमको फल विपरीत हुन गएकोले हो कि किन हो डाक्टरको आँखामा आँसु भरियो । सबैको अनुहार मलीन भयो । वाहिर मुसलधारे पानी परिरहेको थियो। मानो प्रकृति पनि ती दुइ प्राणीको मृत्युमा शोक प्रकट गरि रहेकी छिन् ।

रहस्यमय घटना

—अबर्द्दन धमला, दार्जीलिंग ।

एक सप्ताह भयो, बिछ्यौनाबाट उठेर बाहिरसम्म निस्केको छैन । वैद्यको मुहारमा स्पष्ट नैराश्य–रेखा देखी यो विश्वस्त भइसकेको छ कि मैले पृथ्वीमा जुन पाठ लिएर आएको छु सो पूर्ण भयो । मानिसहरू रक्षार्थ रातोदिन घरमा थुप्रिन्छन्, नखाएको नपिएको पनि बहुदिन भए, शरीरमा पनि हाड़, छाला र एक मुठी प्राण सिवाय केही छैन लाबर तुल्य भइसकेको छु । हुन त म एक्लो छु तर पनि साथीहरू भने समय समयमा पालैसंग हेर्न र बस्न आउँछन् । मलाई चाहिं यस्तो मानिसहरूको जमावट पटक्क मन पर्दैनँ । बिशेष त यस्तो गुञ्जाइसमा म निद्रै पाउँदिनँ ! एकपल्ट त साथीहरूलाई नआउने अनुरोध पनि गरें ।

साँच्चै भोलिपल्ट त कोही आएनन् । आफैंलाई सँधै भन्दा केही चञ्चल पाएँ । कुनै अर्को कोठामा सारिएको छु । पल्लो कोठामा मानिसहरूको जमावट कम छैन भने जस्तो बुझिन्छ । कोही रून्छन्, कोही सम्झाउँछन् । त्यो गगनस्पर्शी रोदन कति हृदय बिदारक छ । म पनि मरें भने त्यसरी को रोइदिने ? थिई एउटै लता, तर आज उ पनि मेरो निम्ति स्वर्ग जाने पथ–निर्माणार्थ अघि लागेकी छ । अरू चिहान घारीको स्याल सिवाय को रोइदेला र ? पुनः अर्को मनले बिचार गर्छु—अहिले यसरी हतास हुनु हुँदैन । आज त केही कुशल छु शरीरमा स्फूर्ति आएको छ । सकी नसकी उठेर राम्ररी निरक्षण गरें कोठा नयाँ छ । आज मलाई केही सुबिस्ता छ भनी पुनः बिछ्यौनामा आएर पल्टिएँ अनि बिभिन्न प्रकारका बिचारहरूले मस्तिष्क अठ्याउँदै छोड्दै गरे । एकाएक उही परिचिता लताको स्मृतिले आन्तःरिक हृदयसम्म समायो । तर के गर्नु ? उ मरेकी आज बहुदिन भए अनि म बिछ्यौनामा शिकिस्त । अब उपाय केही छैन, सायद मरेर पनि अन्तिम मिलन दुर्लभ छ जो सुखका क्षणिक दिनहरू थिए उसैले लगेर गएकी छ जस्तो लाग्छ । यस्तै के के सोच्दा सोच्दै हठात् बिराट सौरजगतमा बिखरित चन्द्रिकाले मेरो त्यो सूक्ष्म कोठा भित्र पनि चियाएकी झैं लाग्यो । झट्ट उठेर चट्ट ढोका खोलेको मात्र के थिएँ चन्द्रिकाले फट्ट कोठा भित्र प्रवेश गरी । विद्युत प्रकाशको सट्टामा चन्द्रिकाले कोठा प्रज्वलित भइउठ्यो । पुनः बिछ्यौनामा आई पूर्वरूपेन ढल्किएर चन्द्रमाप्रति सोच्न लागें,—आह ! आनन्ददायक चन्द्रमा ढोकाबाट सोझै कति मनोहर देखिएको !! अवर्णनीय दृश्य, एक कविता अहिले कोरूँ, कोरूँ लाग्ने ! चन्द्रिकालाई बिर्सिएर चन्द्रमासंग भुल्न पुगें । बिचारधाराहरूले अतिशय लख्याइसकेपछि मनमनै कवितार्थ शब्द बटुल्न लागें—

……कविता अधुरै थियो, ढोकामा त्यो रात्रिको बाह्र बजे एक अद्भुत प्रतिमा आई ठिंग उभियो । यो देखी शरीरमा धारित बस्त्रहरू पनि बाबुका लाए झैं भए । नहोस् पनि किन, सर्वाङ्ग सेतो लुगाले ढाकिएको, मुहार पनि देखिएन, उचाइ पनि पाँच फीट भन्दा कम होइन, बोल्ने नाउँ लिएन, आखिर प्रतिमा न ठहरियो । आश्चर्य ! उफ !! साँच्चै धोती लाउने गरेको भए ढिलो भइसक्ने थियो ।

एक क्षण पश्चात् त्यसले पहिलो कदम कोठा भित्र राख्यो । यसले यो प्रतिमा हो कि भन्ने सन्देह त हरायो तर साथ साथै मेरा अंग प्रत्यंग जिरिङ्ग भई फुलियो, दुम्सीका झैं शरीरभरि काँढ़ा जुरूरूरू……उम्रिए झैं लाग्यो । त्यो बोलेर, आफू पनि केही बोल्न नसकी श्वास–प्रश्वास बन्द गरेर सिरक भित्र काँप्दै गुट्मुटिएर सोच्न लागें—बाह्र बजे रातसम्म ढोका खुला राखेर मैले ठूलो भूल गरें । उफ !! धोबी तलावको सेतो भूत भनेको यही रहेछ । जे होला, होला अलिकता त चियाएर फेरि हेर्छु । भएभरको साहस बटुलेर

सिरक केही उठाएर हेरें—अहँ ! त्यो त भित्रै पसिरहेको रहेछ !! चुप लागी बस्न सकिनँ । त्यसको बढ्दो कदम रोक्नलाई भय लुकाउने चेष्टा गर्दै हकारें—"को हो ? यहाँ किन आएको ? जा भाग्, नत्र अहिले बन्दबस्त लगाउँछु ।"

तर त्यो छाया बोलेन, झन् शीघ्रातिशीघ्र पलङ्ग कै छेउमा आई उभियो । कोही चोर पो हो कि जस्तो पनि लाग्यो तर कसो कसो गर्दा मात्र नारी रहिछ भन्ने पत्ता लाग्यो । कोही असहाया युवती होली जस्तो पनि लाग्यो तर भयले चाहिँ सास बन्द भइसक्यो । केही क्षणपश्चात चन्द्रिकामा स्पष्ट ज्ञात भयो उ पलंग-छेउ छोड़ेर ताकतिर लम्किई । त्यो ताकमा कालेज पढ्दा खिँचेको एउटा पुरानो तस्बीर थियो । त्यही टिपेर उसले छातीमा केही क्षण सटाई अनि पुनः पूर्ववत् त्यहीं राखिदिई ।

"को हुनुहुन्छ, तपाईं ?" केही साहस बटुलेर सोधें ।

"पूर्णरूपेन नफक्रिई कुह्रेको फूल," रहस्यमय उत्तर पाएँ ।

"यहाँ किन आउनुभएको ?" पुनः सोधें ।

"………" उत्तर पाइएन, पुनः भय बढ्यो ।

चन्द्रमालाई औंल्याएर, 'चन्द्रिका हेर' भने झैं इशारा गरी । यसले मलाई कविता-को याद आयो तर के अर्थ भएको कस्तो वाक्य थियो, सो बिर्सिएछु । उ ढोकातिर गई, भित्र आई, बिछ्यौनाका वरिपरि घुमी, छट्पटाइरही । यसरी पन्द्रह मिनट पर्यन्त कोठा भित्र नै अल्मलिरही अनि कोठातिर गई मेरो पलङ्गपट्टि फर्केर पुनः उभिई । तत्पश्चात दुई हात फैलाएर नानीका आमाले नानीलाई काखमा लिन बोलाए झैं इशारा गरी तर मैले चाहिँ इशारा नबुझे-को जस्तो गरेर टारिदिएँ दश मिनटसम्म यसरी उभिँदा पनि केही इशारा नपाई संगारमा तीनपल्टसम्म हात राख्दै निधारमा टसाउँदै गरी औ छातीमा दुइ हात राखेर अन्त्यमा उ दुःखपूर्बक बाहिरतिर दगुरी ।

उ केही पर पुगे पछि मात्र होश खुल्यो अघि उम्रिएका काँड़ाहरू पनि हराए झैं लाग्यो । राम्ररी बिचार गरें—अवश्य केही न केही रहस्यमय घटना हुने पर्छ । नत्र नारीलाई यसरी रातको बाह्र बजे अकेली घुम्न शोभा कदाचित् दिँदैन । अवश्य मैले एकदम ठूलो भूल गरें । जे होस्, असहायलाई सहायता नै कर्त्तव्य हो ।" यति सोचेर रात पनि नभनी म पनि बाहिरतिर दगुरें । अलिक पर उ सुस्त सुस्त हिंड़िरहेकी थिई । आफूतिर आकर्षित गराउन डराउँदै सोधें "तपाईं को हुनुहुन्छ ? के चाहनु हुन्छ ? किन नबोली फिर्नुभयो ?"

"यस्तो चन्द्रिकामा घुम्ने इच्छाको जो बोझ लिएर हिंड़ेकी छु त्यही बिसाउने अभिलाषा छ" भने झैं लाग्यो तर अस्पष्ट । सँगै केही पर पुग्यौं तर बोल्दिन । जस्तो सहायता दिएर भए पनि उसलाई बचाउने इच्छाले कति बोलाएँ, कतिपय प्रश्न गरें तर उ नबोली प्रतिमा तुल्य रही । जसलाई सहायताको आवश्यकता परेको छैन त्यसलाई बृथामा सहायतार्थ किन सोधिरहुँ जस्तो पनि लाग्यो अनि अर्कोतिर बत्तिएँ । उ स्वमार्गमा अकेली बढ़िरही ।

"उ गइरहेकी छ, समातेर ले बेश्यालाई" कसैको आवाज सुनियो । पछि फर्केर हेरें । दुइ युवक हातमा लामा लामा छुरी बोकेर त्यो असहायालाई पछ्याइरहेका थिए । असहाया अवश्य संकटमा परेकी छ भन्ठानी पुनः उसको छेउमा गई उभिएँ तर बोलाउन र सघाउन सकिनँ । 'सहायतार्थ समाएकोमा दोष नठहर्ला भन्ने ठानेर उसलाई दुइ हातमा समाएँ र तान्दै उकालो भागें । ती दुइ युवकले अनुसरण गर्न छोड़ेनन् । अब अन्य उपाय केही थिएन । भाग्यवश दिउँसो काम गर्ने कुल्लीहरूले दिवालमा

सिढ़ी ठड़्याइराखिएको पाएँ । असहायालाई काँधमा बोकेर त्यही सिढ़ीबाटमाथि उक्लिएँ । ती युवकहरू सिढ़ीतर्फ आउन लागे । असहायालाई काखमा राखेको राखेकै भएँ । युवकहरू सिढ़ीको फेदसम्मआइपुगे । बल्ल बल्ल थाकिसके पछि मात्र बुद्धिको बिर्को खुल्यो अनि सिढ़ीलाई खुट्टाले ठेलेर युवकहरूमाथि नै लड़ाइदिएँ । ढुक्क लाग्यो ।

ती खल युवकहरूबाट बाचें औ बचाएँ तर सुझ्भो, दिवालको टुप्पामा त यताउति जाने ठाउँ नै छैन रहेछ । बनाउँदै गरेको बिल्डिगको टुप्पोमा चढ़िएछ, दिवालको उपरान्त्यमा त धार ! कता जाने ! उफ !! सिढ़ी पनि लड़ाइदिएँ, ओर्लने उपाय रहेन ।

नवनाड़ी गल्यो हतास भएँ, केही उपाय नदेखी बड़ो सतर्कपूर्वक दिवालको धारै धार घस्रन लागें । हात गल्यो खुट्टा काप्यो, पसिनै पसिनां भएँ, कम्प छुट्यो, सब कुछ एकै चोटि भयो । होशले पनि ठाउँ छोड़िसक्न लाग्दा कसो कसो गरेर खुट्टा रड़कियो । उ काखैमा थिई म बिल्डिङ्गको टुप्पाबाट तल खसें । होशले चाहिं काम गर्न सकेन । टाउको, हात खुट्टाबाट रक्त बहन लाग्यो । शरीर चोटै चोटले रक्ताम्मै भयो । व्यथा सह्य भएन ।

त्यो संगै खसेकी असहायालाई पनि चोट लाग्यो कि भन्ने सहानुभूति देखाउँदै मुहारमा ढाकिएको सेतो लुगा हटाएँ । "आहः लता ! तिमी यहाँ !" म आश्चर्यचकित भएँ । केही क्षणसम्म गलामा लगाइरहें । कस्तो चञ्चला र प्यासी आँखा, मादक मुहार, आईफल जस्ता दुइ पुष्ट गाला अलि अलि 'स्नो' घसिएको, अनारदाना झैं दन्त-लहर, स्वर्गकी परी झैं मेरो जीवन साथी, लता । हर्षले सीमा नाघ्यो । म उसको मुहारमा हेरेको हेरेकै भएँ ।

बिस्तारै लताको मुहारले रंग बदल्यो, कालो रंगमा परिणत भयो, केशराशी हरायो, बिस्तारै मासु र छाला पनि अदृश्य भयो । फलस्वरूप लता एक कंकालमा परिणत भई । त्यस बेला म एक कंकाल अँगालेर बसेको थिएँ । "लता !" एकपल्ट जोरसंग बोलाएँ तर नरकंकाल बोलेन ।

वास्तवमा हाड़ र छाला अतिरिक्त केही नभएको चुँड़ेल किन बोल्दथ्यो । भयले चुँड़ेललाई त्यहीं फ्याँकेर कोठाभित्र यता र उता दगुरिरहें, तर पनि भित्तामा ठोकिएर चोट् सिवाय केही पाइनँ । एकपल्ट दिवालमा जोरसंग लात लाएँ । दिवाल भत्क्यो औ बाहिरतिर भागें । हे नारायण ! नारायण !! म मरेंछु । मलाई त बाकसभित्र हालेर अन्तिम संस्कारार्थ जंगलतर्फ लगिरहेका रहेछन् । म त्यही बाकस भत्काई निस्केर भागेछु । बौरायो भनी सबले डण्ठा र मुङ्रोले खेदिरहेका रहेछन् ॥

कुमुदिनी-परिवार

स्वच्छ हिम सरि प्रेम मन्दिरको
तिम्रै वक्षस्थलमा 'कुमुदिनी'
जीवन उल्लसित उन्माद लागी
आएँ आज म 'परिवार' बनी ।

तिलक—

मेरो कथाम्फ यात्रा

गोपालभक्त प्रधान ।

१९५९ सालको १३ अक्टुबर खुबै रमाइलो थियो । साथीहरू दार्जीलिंग 'रेलवे स्टेशन' मा जम्मा भइ सकेका थिए। हामीहरूले भरियाको काम गरिसकेपछि कप्तान रायबाट डब्बाभित्र पस्ने आदेश पायौं । हामीहरूको टूल ६० जनाको थियो । एक–एक गर्दै सबैजना डब्बाभित्र पस्यौं । हाम्रो डब्बामा आधा सरकारी कलेजका औ आधा सन्त जोसेफ कालेजका शिक्षार्थीहरू थियौं दुइ कलेजका छात्रहरूमा केही भिन्नता देखिंदैन थियो ।

× × ×

स्टेशनको घण्टी लाग्यो। तिरिं...रि...रि गार्डले सिटी फुक्यो । एकपल्ट कू......क गरेपछि लिखुरे रेल छक्...छक्....छक् गर्दै हिंड्न लाग्यो। आज सबै साथीहरूको अनुहारमा हर्ष र आनन्दको लहर झल्किरहेको थियो। साथीहरूले रंगी–बिरंगी रूमाल हल्लाउँदै बटुवाहरूलाई 'बस है......बस' भन्दै घोक्रो फुल्याई–फुल्याई कराउन थाले । दार्जीलिंग शहरको घर, बिल्डींग र धुप्पीका रूखहरूका लहरहरू एक—एक गरी अदृश्य हुन थाले। पूर्वका पहाड़बाट सूर्य देवको स्वर्णिम रश्मि परेर होला कञ्चनजंगा उत्तरमा हाँसिरहेकी थिइन। साथीहरू सबै नाच–गानमा मस्त थिए। साथीहरूको गीत सुनेर होला दुध-वालनीहरू पनि हाँस्दै गएका देखिन्थें । रेलले बतासे डांड़ा काट्न लागेको थियो अविराम गतिले बहिरहेको समीरको झोंकाले भेटेर एकक्षण सबैका कान चिसो पारिदियो।

जाड़ोले भनूँ या हर्षले साथीहरू भए –भरकोस्वरमा लाहुरेको रेलीमाई फेशनै राम्रो, रातो रूमाल रेलीमाई खुकुरी भिरेको भन्दै गाउन थाले गीत साह्रै मीठो थियो । मैले पनि जोशमा जानी न जानी एकक्षण कम्बर लच्काइ दिएँ । जोश मा होश भएन साह्रो उफ्रें छु। रेलको डब्बा होंचो भएर हो—वा म लम्बू भएर टाउकोले भंयकर तबेला बजायो। साथीहरू गीत गाउन छोड़ेर सबै जना मलाई हेर्दै गलल...ल...ल हाँसे मेरो चाँहि एक प्राण गयो। हतार–हतार मैले टाउको मसारें । टाउकोले पान त खाएन छ तर एउटा सुपारी बोकेको भने मैले स्पष्ट अनुभव गरें ।

रेल खरसाङ्ग स्टेशनमा आएर टक्क अड़ियो एकै क्षणमा मानिसहरूको घुइरोले हामीहरूलाई छोप्यो साथीहरूको नाँच–गानले एक क्षण स्टेशनमा ठुटे बजारै लगायो । केटाहरू "डुप्लिकेट" मोहम्मद रफी भएर झन स्वर तानी–तानी "दिल देके देखो, दिल देके देखो" भन्दै गाउन थाले। पन्द्रह मिनट कति छिटो बितेछ मलाई पत्तै भएन । रेलले खरसाङ स्टेशन र त्यहाँको कोलाहल बाट विदा लियो ।

हाम्रो रेल नागिनीको चालमा अघि र पछि गर्दै आफ्नो कर्त्तब्य पूरा गरिरहेको थियो। लिखुरे रेल भए तापनि त्यसको चर्को सिटीले घरि–घरि जंगलका निस्तब्धतालाई भंग गर्थ्यो। बाटाका दुवै किनारमा बाँदरहरू सम्भवतः हाम्रै स्वागत खातिर बसिरहेका थिए, तर साथीहरूले खाऊँ भने दिन भरिको शिकार न खाऊँ भने कान्छा बाको अनुहार यही हो...भन्दै त्यो स्वागत गर्ने मौका नै कहाँ दिए र......। बाटो, साना साना घर, लामा—लामा बिल्डींगहरू अलि–अलि गर्दै देखिन थाले। सूर्य्य नारायणको प्रखर किरण परेर होला नदी पानि ऐना झैं टील-टील टल्किरहेको थियो ।

रेलले नर्थ स्टेशनमा पुगेर विश्राम लियो। आउने जाने यात्रीहरूको जमावटले त्यहां अत्यन्तै होहल्ला मचिरहेको थियो । त्यस कोलाहलमा "चाय...गरम, पान....बिड़ी....सिगरेट" भनेको तीव्र आवाज पनि टड़कारै सुनिन्थ्यो । हामीहरू त्यहाँबाट शान्तिगढ़ तर्फ प्रस्थान गर्‍यौं ।

हाम्रो "एन० सी० सी० क्याम्प" सिलीगुड़ीदेखि डेढ़ कोश दक्षिण शान्तिगढ़मा स्थित थियो । यो मेरो पहिलो क्याम्प जीवन थियो । जुन जीवनमा छात्र जीवन भन्दा कम रहनेछ भन्ने मैले अनुभव गरें । क्याम्पमा, विभिन्न स्थानका छात्रहरू भेला भएका रहेछन् । त्यहाँ के बंगाली, के बिहारी सबै एक देखिन्थे । वातावरण एकाम्मे देखिन्थ्यो ।

दोस्रो दिन, बिहान चार बजे बिगुल लाग्यो । सबैजना महानदी तर्फ लाग्यौं । प्रभातको स्वच्छ वायु मन्दगतिले बहिरहेको थियो । बिहानको 'पी० टी०' सकेर सबैजना चियाको लागि लाईनमा लाग्यौं । लहर बाँधेर चिया बाँड़ने चलन पनि एउटा अनुशासन नै थियो । घड़ीले दिउँसोको एघाह्र बजायो । 'राईफल ड्रील' सकेर सबैजना नदीतिर नुहाउन भनी लाग्यौं । पौरन जान्ने साथीहरूले नदीमा आफ्नो कला देखाए । मैले पनि पौरि खेल्ने प्रयास गरें तर पहिल्यै— नाख र मुखले पानी पिएँ ।

सारजेण्टले खानाको सिटी फुक्यो । सबैजना खानलाई बस्यौं । यसरी मिलेर खाँदा भोजन कति स्वादिष्ट हुँदो रहेछ, कति रमाइलो र हर्ष लाग्दो रहेछ सायद त्यसैले होला, मानिसहरू भन्छन् "सबैले मिलेर गुन्द्रुकको झोल खाएको बेश, एक्लकाठे भएर दही र चिउरा खाएको भन्दा ।" सायद त्यसैले होला एकतामा आनन्द, झल्केको मैले आज अनुभव लगाएँ ।

घड़ीले दुइको घन्टी बजाउनसाथ सबैजना आफ्नो आफ्नो राईफल बोकेर 'फायरिङ्ग' मा गयौं । त्यहाँ एउटा सानो तिनो युद्ध झैं भयो, तर अचम्भको कुरो भने कुनै पनि घायल भएनन्........। यसरी हामीहरूको दैनिक जीवन बित्न थाल्यो ।

२४ अक्टुबरको रात 'क्याम्प फायर' भयो 'क्याम्प फायर' खुबै समारोहसाथ मनाइयो । सबै बटालियनका साथीहरूले संगीतको आयोजन गरेका थिए । हाम्रो बटालियनबाट धान नाँच र लोक गीतको चाँजो मिलाइएको थियो । सबैका चेहेरामा जोश, हर्ष र उमङ्गको आभास पाइन्थ्यो । आजको रात हाम्रो लागि बड़ो महत्वपूर्ण दिन थियो ।

भोलिपल्ट बिहान लामो बिगुल लाग्यो तर त्यो बिगुलको आवाज आज आखिरी आवाज थियो । हाम्रो क्याम्प जीवन पनि आजनै पुरा हुने थियो । १५ दिन सम्म सबै साथीहरूसँग यसरी एक ठाउँ बसेर छुट्टिनु पर्दा कसलाई दुःख लाग्दैन र....! छुट्टिने समय भयो । हाम्रो हृदयमा एउटै भावना थियो, एउटै दुःखमय प्रश्न थियो —के हामी फेरि भेट्न सकौंला र..........?

शुभकामना

यो परिवार अझ फैलिएर गई विश्व अंगाल्न पुगोस् ; परिवारको सर्व्वाङ्गीन उन्नति गरेर नमुनालायकको एक आदर्श संस्था बनोस्, यही मेरो कुमुदिनी परिवार प्रति शुभकामना छ ।

भनबहादुर प्रधान

कलाकार

धनकुमार प्रधान

[टिप्पणी—कलाकार हामी धेरै नै पाउन सक्छौं तर कलाप्रेमी अत्यन्त कम सँख्यामा पाउँछौं । हामी त्यसलाई कलाकार मान्न सक्तैनौं जुन कलाकारमा कलाप्रति श्रद्धा र त्याग छैन । बिजय जस्तो कलाकारलाई हामी कलाकार भन्न सक्तैनौं तर पहिलो युवकलाई सांचो र महान कलाकार भनी मान्न पर्दछ । आफना नानीहरूलाई कला सिक्नमा बाधा हाल्नु माता–पिताको एउटा ठूलो भूल हो किनभने कला सिक्नमा केही हानी छैन चाहे त्यो जुनै प्रकारको कला किन नहोस्, कला पनि एउटा विद्या नै हो । साहित्यको त्यो एक अंग हो, जुन अंग बिना एक कदम पनि उन्नतिको मार्गमा हिंड्न सकिन्दैन । आधुनिक दुनियां कलाले भरिएको छ । प्रत्येक मानिस–लाई कला प्रेमी बन्न, कला सिक्न तथा त्यसको महत्व बुझ्न अनिवार्य छ । कलाको महानता त्यसको कदर यति भयङ्कर रूपले बढ़ेर गएको छ कि हुन सक्छ राजालाई संसारले नपुछ्ला तर कलाकारलाई संसारको एक एक कुनाबाट इजत गर्दछन् । अर्को कुरो—जसले कलाको महत्व बुझेको छैन, श्रद्धा गर्न सक्तैन उनीहरूले कला सिक्न पनि ब्यर्थ ठहर्छ ।]

रात निकै बितिसकेको थियो, निर्मल आकाशमा तारागण टिम्टिमाइरहेका थिए, ठाउँ ठाउँमा बादलका टुक्राहरू पनि छरिएका थिए, जून टक्टकी लागिरहेको थियो । त्यसबेला एक नवयुवक हातमा सानो पुस्तक च्यापेर घरतर्फ लागिरहेको थियो । उ नृत्य-केन्द्रबाट नृत्य अध्ययन गरी फर्किरहेथ्यो । आफ्ना माता–पिताको भयले उसको हृदयले शान्ति पाएको थिएन । उसलाई आमा–बाबुले नृत्य–केन्द्र जान र नाँच्न निषेध गरेका थिए ।

उ दुनियाँका आँखाका छारो भएको थियो । एक युवक भई नाचेकोमा उसलाई खिसी गर्थे । उ हाँसोको पात्र बन्न परेको थियो । आफ्नै मित्रबर्गले पनि 'आइमाई' भनी गिज्याउँथे । तर उसले यी सब कुराको किञ्चित वास्ता गर्दैनथ्यो, उ एक कानले सुनेर अर्को कानले फाल्दथ्यो । किनभने हाम्रा समाजमा कति कला-प्रेमीहरू छन् औ कतिले कलाको मोल जान्दछन् सो उसले जानेको थियो । उसको एउटै दृढ़ संकल्प थियो—एक प्रसिद्ध कलाकार बन्ने, जसको निम्ति उ जीवनको सर्वस्व अर्पण गर्न सक्थ्यो उसलाई राम्रो खान र लाउनको 'शौक' थिएन, एक सरो लाउँन दुइ छाक खान नै उसलाई प्रशस्त थियो । तर यही दुइ छाक खान र एकसरो लाउनलाई उसले माता-पिताको भय बोक्न परेको थियो नत्र भए उसलाई सायद कसैको भय बोक्न पर्ने थिएन होला ।

रातको घड़ीले एघाह्र टङ टङ...बजायो अनि यति मै उ घरको सिकुवामा आइपुग्यो । पाङरे कुकुर पुच्छर हल्लाउँदै उसको खुट्टामा लुटुपुटु गर्न लाग्यो । उसले त्यो कुकुरलाई एकक्षणसम्म सुम्सुमाएर ढोका ढक्ढकायो तर ढोका खुलेन । त्यो रात त्यहीं पाङरे कुकुरसंग बाहिर सिकुवामा नै बित्यो । तर पनि उसको मन दुखित भएन किनभने उसलाई सिकुवामा सुत्न दुःख लाग्दैनथ्यो । आफ्नो कलामा बादल लाग्दा दुःख लाग्थ्यो । यसरी नै कहिले सिकुवामा सुती कहिले नखाई पनि उसले आफ्नो कलालाई त्याग्न सकेन । उ कलार्थ पागल भइसकेको थियो खाँदा बस्दा तथा सुत्दा प्रत्येक पलमा कलाकै सपनामा हुन्थ्यो ।

उ दिनभर नृत्य–केन्द्र गई आफ्नो नृत्य अध्ययन गरिरहन्थ्यो । उसको साथमा अर्को नवयुवक विजय पनि त्यही नृत्य भवनमा नाच्न आउँथ्यो तर पहिलो युवक र विजयमा आकाश र पतालको भिन्नता थियो । बिजयमा कलाप्रति

श्रद्धा थिएन, उसमा आडम्बरी झल्कन्थ्यो । उ नाच्दथ्यो तर कुनै एक नामी कलाकार बन्नको निम्ति होइन । कलाकारहरू मध्ये म पनि एक उच्च कलाकार हुँ भनी धाक लाउन र पैसाको निम्ति उ कलाकार थियो । उसले कलाको इज्जत गर्न जानेको थिएन । जसले जहाँ नाच्न भन्थ्यो उ त्यहीं नै नाच्न पुग्थ्यो । पैसाको इशारामा उ हिँड्थ्यो । म कलाकार हुँ भनी देखाउन उ अनेक प्रकारका बस्त्रहरू लगाई, कम्मर पनि लच्काउँदै उ बजार निस्कन्थ्यो । नारी झैं बोल्न चाहन्थ्यो औ यहाँसम्म कि नारीहरूको बस्त्र लाउन पनि उ हिचकिचाउदैनथ्यो अनि उ यसैलाई नै कलाको 'लक्षण' सम्झन्थ्यो । उही बिजयले गर्दा पहिलो युवकको इज्जत र कलामा पनि धक्का लागेको छ; युवकले बिजयलाई कति सम्झायो, बुझायो तर बिजय कानमा तेल हालेर हिँड्थ्यो अनि अझ उल्टो विजय उदेखि पृथक हुन थाल्यो । अन्त्यमा, संसारमा त्यो युवकको निम्ति कला सिवाय कोही आफ्नो रहेन औ सहारा भएन ।

यसरी परिस्थितिसंग लड़ाइं गर्दै भए पनि अन्त्यमा तिनको त्याग र कठोर परिश्रमको फलस्वरूप उ एक महान् कलाकार तथा नृत्यकार बन्न सक्यो । उसलाई आज संसारका सारा मानिसले चिन्दछन् औ इज्जत गर्छन् । उसको कला-कौशलमा मुग्ध भई उसले लोकप्रियता पाएको छ । तर जति नै महान् कलाकार भए पनि उसलाई कुनै फोस्रो घमण्ड छैन । सानो भन्दा सानो मानिसदेखि लिएर राजा-महाराजा-लाई पनि उ एउटै दृष्टिकोणले हेर्छ । उसको यही भनाइ छ—परिश्रम जीवनको सफलता हो । जसले परिश्रम गर्छ त्यसले निश्चय सफलता प्राप्त गर्छ तर परिश्रमको साथ साथै त्याग पनि चाहिन्छ । यही परिश्रम र त्यागको प्रतिफल आज उ करोड़पति तथा लखपतिका सट्टामा संसारको सुप्रसिद्ध कलाकार बनेको छ । उ मर्नेछ तर उसको कला र नाउँ ध्रुव-तारा झैं चिरकालसम्म चम्‌चम् गरि चम्किरहनेछ ।

टिठ्याउने को थ्यो र......?

रूद्र बस्नेत, दार्जीलिंग ।

हिमालको काखमा लिएर जन्म
पात बजाई हुर्कथ्यौ ।
त्यो मचुङ्गाको झंकार दिंदै
कोयली झैं गाएथ्यौ ।
घरमा तिम्रो भएन बास,
जंगलमा बढ़ेथ्यौ
भेंड़ी गोठ लिई लेखमा जाँदा
एकान्त मानेथ्यौ
आमाको स्नेह, बाबुको प्यार
पाएनौ तिमीले ।
भेंड़ी गोठ छाड़ी शहर पस्न
जानेनौ तिमीले ।

त्यो सेतो डांड़ो हिमाली जाड़ो
टिठ्याउने थिएन ।
गोठाला दाइ जाड़ोले कक्र्यो
भन्दिने कोही थिएन ।
हिंड़ डुल गर्न चाहन्थ्यौ तिमी
दैवले रोक्दथ्यो,
भाग्य नै तिम्रो खोटो त्यो साहिंला,
कर्मले के गर्थ्यो...?
भेंड़ीको दूध चुसेर तिमी
आमालाई सम्झन्थ्यौ ।
पाएनौ फुल्न, पाएनौ फल्न
तिमी ता मुर्झायो ।

हरिया बनमा गाउँदछिन् चरी
बुझिदने को छ र....?
कर्मको खोटो साहिंलोलाई
टिठ्याउने को छ र...?

सूर्योदय

—कि० पी० २१ ई ।

सत्यं-शिवं-सुन्दरंको प्रत्यक्ष प्रमाण, पूर्वमा आनन्दको साम्राज्य छ औ कल्याणको एक ज्वलन्त प्रमाण । रक्तिम किरण चारैतिर छरपस्ट भएर मुहारमा मानो सिंदूर लाएकी छ, अनि यही सौन्दर्यको आड़मा अड़ी विश्वका स्थावर तथा जंगमले सभ्यता, शिष्टाचार प्राप्त गरे । यसैको आधारमा आज हामी पाउँछौ कलाको एक अलग संसार जहाँ हामी जीवन उपरको विभिन्न अनुभूति अनुभव गर्छौं ।

यही प्रकृतिका अवर्णणीय सौन्दर्य देखी मानवले बिस्तार बिस्तार सभ्यता प्राप्त गऱ्यो । पहाड़ी झरनाको मिठासपूर्ण कलकल ध्वनि, कोयलीको मधुर स्वर, जुनेली रातको निर्झर तथा बसन्तको मुस्कानले के कवि, के चित्रकार तथा के दार्शनिक सब दंग परे । एकोहोरिएर ईश्वरको यही दिव्य सृष्टि तथा कला कौशलमा बिचार बिमग्न भए । उनीहरूका मस्तिष्क र हृदयमा नयाँ नयाँ बिचार टुसा पल्हाउन लागे, शरीरमा अपूर्व रोमाञ्च औं हृदयसागरमा भावना-ल्हरी पैदा भए । कल्पनाले जड़ी भावना पोखाउन लागे, दर्शनका पूजारीले त्यसैमा अनेक सूक्ष्मातिसूक्ष्म अध्ययन गर्न थाले—औ त्यही दर्शनलाई हृदयमा मात्र अटाउन नसकी भाषा-द्वारा ब्यक्त गरे । उनीहरूले यसरी प्रकृतिका प्रत्येक तत्वबाट प्रेरणा प्राप्त गरे । फल स्वरूप हामी पाउँछौं—साहित्य दर्शन तथा कला । प्रत्येक सभ्यताको प्रेरणा प्रकृति नै भएकी छन् । परोपकार जस्तो सर्वोत्तम । गुण पनि हामीले प्रकृतिबाट नै सिक्यौं ।

कुनै एक कविले यसरी भन्नु भएको छः—

पिबन्ति नद्यः स्वयमेव नाम्भः
स्वयं न खादन्ति फलानि बृक्षाः
नादन्ति शस्यं खलु वारिवाहाः

अर्थात 'नदीहरूले स्वयं पानी पिउँदैनन् । रूखहरूले पनि फल आफैं खाँदैनन् । बादलले मानव कल्याणको निम्ति जल बर्षा गर्छ तर उ आफैले अन्न खाँदैन ।' कमिलाले आपसमा मेल राखी रगतको पसिना बहाएर स्वगृह निर्माण गरेको मानवले देख्यो । दूर दूर देखि आलस्य त्यागी चरा चुरंगीहरूले गुँड़ बनाएको देखि मानवलाई इर्ष्या लाग्यो किनकि मानिसले त्यस-बेला सम्म घर बनाउन जानेको थिएन । मौरीको सञ्चय, एकता र परिश्रम देखि मानिसले सञ्चय परिश्रम र समुदायको मोल बुझ्यो । मानवका मस्तिष्कमा तड़ित् स्पर्श भयो औं नयाँ नयाँ विचार विवेक ओइरिन लाग्यो जसको परिणाम आज हामी पाउँछौं—घर, समाज शहर इत्यादि । पौराणिक कालका मानिसहरू ओढ़ार र जंगल नै रूचाउँथे तर कालान्तरमा मानवले चरा-चुरंगी, कोरा-फट्रेंग्रा तथा प्रकृतिका अन्यान्य प्राणी अप्राणीबाट सभ्यता सिक्यो । प्रथमतः मानव जाति अति असभ्य र जंगली थियो । तर जसै समयको चक्र घुम्दै गयो उसै मानवमा पट-परिवर्तन आयो । सभ्यताको सूर्योदय यसरी भयो । यसरी नै सूर्योदय पनि सभ्यताको शिक्षक भएर आएको छ ।

सूर्योदय विभिन्न श्रेणीका मानवका निम्ति विभिन्न भावना प्रदान गर्दैछ । कतिले भन्छन् 'घाम झुल्क्यो' तर कवि यही सूर्योदयमा जीवनको एक रहस्य देख्दछ, अनुभव गर्दछ औ ब्यक्त गर्दछ । त्यही ब्यक्त गरिएका भावनालाई हामी कविता भन्दछौं । कविले यही सूर्योदयमा मानव-कल्याण, परोपकार तथा कर्त्तब्य देख्दछ किन-कि कविले अर्कै दिब्य दृष्टिले यसलाई हेर्दछ । त्यसैकारण कविले खालि मानव मात्र नभएर श्रेष्ठ मानव हो जसले प्रकृतिमा रहस्य, कर्त्तब्य-पथ-प्रदर्शन, तत्व कला औ प्रेरणा निरक्षण गर्दछ औ "बहुजन हिताय वहुजन सुखाय" समाजमा साहित्यको रूपमा प्रदर्शित गर्दछ ॥

तिमी के गर्ने......?

२०—एच० प्रकाश शर्मा, गेलोङ्, प० सिक्किम।

मृत्युशय्यामा जब तिमी चढ्छयौ
परलोकको वासिन्दा तिमी हुन्छयौ
तिम्रो निधनमा उसको आँखा रसाएर
वाधा तिमीलाई दियो भने
तिमी के गर्ने.......?

आसक उ केवल तिम्रै आशामा
तर ल्याउन सकेन जसले केही साथमा
यद्यपि परवश निर्मम यादको
आँसु वहायो तिम्रै यादको भने
तिमी के गर्ने........?

धूप दीप नैवेद्य न ल्याई
तिम्रो आत्म श्रृंगार परन्तु विना आई
सुकोमल तिम्रै वक्षस्थललाई ताकी
ल्यायो पुष्पहार चढ़ाउन भने
तिमी के गर्ने........?

अगम्य आशाको भारी लिएर
निराशालाई सदैव फुल्याउँदै
आँखाबाट झर्न लागेको
वियोगी आँसुको घुट पियो भने
तिमी के गर्ने........?

पाषाण बनाई हृदयलाई
तुच्छ मनलाई संकुचित पारी
प्रज्ज्वलित आत्मलाई पनि
सहानुभूति उसले दियो भने
तिमी के गर्ने........?

देख्छु भन्छ कहिले सपनामा
असह्य हुँदा उसका शुष्क नीरस गालामा
नयनजल छर्की रूँदै
पागल भयो भने
तिमी के गर्ने........?

भावी ! वन्दना छ तँलाई
लौ न सुनाई दे उसको प्रणय पुकार
वियोगमा अरू के गर्न सक्ला र...?
अन्त्यमा आँसुको अञ्जली नै समर्पण।

शुभकामना

'कुमुदिनी-परिवार'-लाई स्वागत गर्छु—आन्तरिक हृदयले। यो परिवारले पूर्व इतिहासलाई दोहोऱ्याउने, चेष्टा मात्र नगरेर नयाँ इतिहासको, नयाँ युगको बलियो अंग पनि बसालोस्।

"आफ्नै सन्तानको निम्ति मात्र हो" भन्ने साँगुरो भावलाई नअपनाएर यसले उदारहृदयी बनी वरिपरिका छिमेकीहरूलाई पनि निम्तो पठाउन सकोस्—यही मेरो कामना छ।

खिदमत सुब्बा

नासमझमा-घात

—भानुभक्त प्रधान, नयाँ बजार, कालिम्पोंग।

बिहान सात बजेको थियो। शरदले इसतिरीको अभाव भएको हुनाले तसला तताएर पतलुङ्मा इस्तीरी लगाइरहेको थियो। त्यो घरमा केवल एउटी आमा र एउटो छोरो, 'शरद' मात्र थियो। शरदका पिताको स्वर्गवास भएको लगभग आठ वर्ष भई सकेको थियो। "कराईमा भात भुटेर राखेकी छु, खाएर कालेज जा है, शरद" भन्दै आमा काम गर्न गईन्, संधै झैं उही महाजनको घरमा भाँडा माझ्नु। शरद उन्नाईस् वर्ष पुगेर बीसमा हिंड्दै थियो। उनी मस्त जवान, श्याम बर्ण अग्लो हृष्ट-पुष्ट शरीर, रूप लावण्यमा कम थिएन। सायद गरीबपनाले होला उ कालेजका छात्र भए तापनि कालेजको आधुनिक ढंगको रहन-सहनको वातावरण देखि धेरै टाड़ो थियो। उ साधारण प्रकृतिका थियो। ठीक आठ बजे शरद खाता-किताब च्यापी घरमा तालचा लगाएर पाठशालाको बाटोतर्फ अग्रसर भयो।

त्यस दिन अर्द्ध-वार्षिक परीक्षाको परिणामको दिन थियो। भाग्यवश शरदले कक्षामा दोस्रो स्थान प्राप्त गऱ्यो। उनको घोर परिश्रम देखी सबै मित्रहरू अचम्भ-चकित भए। परिणाममा केवल दुई जना केटाहरू र एउटी केटी अनुत्तीर्ण भए। बाँकी सबै चौदह जना केटीहरू र एक्काइस जना केटाहरू उत्तीर्ण भए। परिणामको साथ साथै एक हप्ताको छुट्टी भयो। सबै जना आपसमा बात गर्दै, दिल्लगी गर्दै कालेजको बाटो घर तर्फ बढ़िरहेका थिए। अघि अघि शरद ठूलो ठूलो कदम बढ़ाएर चाँड़ो घर तर्फ क्रमशः बढ़िरहेको थियो। अरू सबै जना उत्तीर्ण भएको उपलक्षमा "आजाद हिन्द रेस्टुरेन्ट" मा चिया-खाजा खानु पसे। बाहिर पानी परिरहेको थियो। तिनीहरू मध्ये 'सुजला' त्यस झुण्डदेखि छुट्टिएर देब्रे हातले छाता ओढ़ेर दाहिने हातले कम्मरमा साड़ीको आँचल घुसार्दै शरदलाई भेटने आकाँक्षा लिई हतार-हतार अघि बढ़िरहेकी थिई। अन्धा पाठशालाको मास्तिर पुग्दा सुजलाले जोरसित कराएर बोलाउँदा शरदले टक्क अड़िएर पछिल्तिर हेऱ्यो। सुजला आफूतिर आएको देखी शरदलाई आश्चर्य लाग्यो।

शरदले आत्तिएर सोध्यो, "अरे! सुजला आज किन यतातिर? कति कामले? कहाँ हिंड्यौ?" सुजला हाँस्दै भन्छे, 'के म आउँनु हुँदैन र? आज म तिम्रो घर हेर्न आएकी, अहो! किन पानीमा भिजिरहेको? यता आउँन, छाता ओढ़।" शरदलाई संगै छाता ओढ्न लाज लाग्यो र "बरू यो खाता किताब चाँहि भिज्छ होला यसर्थ, बोकी देऊ न ल? म त भिजे पनि केही हुदैन" भन्दै खाता किताब दिन खोज्छ। यी सब देखी सुजलालाई शरद मसंग छाता ओड़ेर हिंड्न लजाएर नमानेको हो भनी थाहा भयो। सुजला साहित्यिक बिचारधाराकी थिई। "शरद आज हाम्रो समाजमा 'को-अपरेशन' छैन। यदि चितायौं भने हामीले सक्छौं तर यसलाई समाजले शंकित् दृष्टिले हेर्छ। कुबिचारको प्रलय बाढ़ले हाम्रो स्वच्छ विचारलाई पनि समाजको भुमरीमा पुऱ्याएर छोड़छ जहाँ हामी दोषी ठहरिन्छौं। ठिक हो आज तिमी समाजको भयले म संग एउटै छाता ओड़ेर हिंड्नु लजाई रहेका छौ। त्यो त केवल नेत्र र बिचारको नासमझ हो। मानिसहरूले नेत्र र बिचारलाई राम्रो अर्थमा दौड़ाए राम्रै हुन्छ औ नराम्रो अर्थमा दौड़ाए नराम्रै। हामीले विश्वलाई अंगालेर विकासको मार्गमा हिंड्नको बद्लीमा हामीलाई समाजले डोऱ्याएर एउटा अन्धकार गुफामा कैद गरेर राखेको छ जसको बन्धन-बाट मुक्त हुन हामीलाई एउटा समस्या परेको छ। जब सम्म हामीले हाम्रो संकुचित भावलाई नष्ट गरेर विकासको पथप्रदर्शक तर्फ समाजको अधोनियमलाई बद्लेर अघि बढ़दौंन, तबसम्म हामीले मनुष्यत्वको परिचय दिएर देश र समाजको सेवा गर्न सक्तौंन। भन्नुको तात्पर्य्य यो होइन कि पाश्चात्य सभ्यताको

वातावरणमा परेर रीति-रिवाजलाई नै बदलिनु तर समाज र देशको विकास तब हुन्छ जब स्त्री अनि पुरुषमा कुनै भेद-भाव र नराम्रो बिचार न लिएर एउटै हात भएर काम गर्छौं ।"

+ + +

सुजलाको पवित्र बिचार र साहित्यिक भाषणले शरदलाई छाता भित्र स्वयम् खिंचेर ल्यायो । छाता 'लेडिस्' थियो । आधा शरीर भिज्दै भए तापनि घर आई पुग्यो । घर थियो इञ्जिन घरको मन्तिर । किराय दस रूपया थियो । शरदले फूल अत्यन्तै मन पराउने हुने हुनाले घरको वरिपरि विभिन्न थरीका फूलहरू लगाएको थियो । शरदले आफ्नो पलंग देखाउँदै "यहीं बस है बहिनी" भनी कमरामा लुगा फेर्न गयो । पलंगमा दुई चारवटा बोरा ओछ्याएको अनि त्यसमाथि एउटा पतला च्यादर ओछ्याएको थियो । सिरान माथ्तिर पुस्तकहरू राखिएको थियो । छेवैमा स्वर्गवासी पिताको नक्सा पनि थियो ।

शरद कुम फाटेको कमेज र सुरूवाल लगाएर बाहिर निस्कन्छ । "के गर्नु हाम्रो त घर पनि सानो छ, यो पढ्दै गर है" भनी दशौं श्रेणीमा हुँदा लेखेको हस्तलिखित् पत्रिका झिकेर पढ्नु दियो र भित्र भान्सा कोठामा धन्दा गर्नु पर्‍यो । हतार-हतार आगो फुकेर चिया पकायो । दूध पनि एक गिलास चियालाई पुग्ने मात्र थियो । एकछिन पछि शरद चिया लिएर आउँछ र सुजलालाई दिएर पिउँने आग्रह गर्छ । आफ्नो निम्ति चाँहि फिका रंग लिएर आउँछ । शरदले फिका रंग पिएको देखेर सुजलाले, "किन फिका रंग पिएको ?" भनी सोद्धा "होइन मेरो यस्तै बानी छ" भनी शरदले भन्छ ।

यस्तै थियो शरदको गरीवी अवस्था । हृदयलाई अमिल्याएर मुहारमा हाँसो, आफ्नो गरीबी अवस्थालाई लुकाएर व्यक्तित्व देखाउन चाहन्थ्यो, डकारेर अघाएको भान गर्थ्यो, खाजा खाने छुट्टीमा तिर्खाएको लक्ष्य गरी पानी पिएर पेट भर्थ्यो ।

"शरद, आज तिमीलाई म एउटा बिषय सोध्न आएको, यदि भन्ने भए मात्र सोध्छु नत्र ता सोद्धिन ।" शरदले पनि अनकनाउँदै, "सोधन, कस्तो कुरो हो । यदि उचित भए भनुँला ।" "साँच्चि भन त शरद, तिम्रो बुवा छैन ?" शरदले आफ्ना पिताको चित्रलाई औंल्याएर खिन्न चित्तले, "उहीं हुन् मेरा पिता, आज यस लोकमा छैनन्, केवल एउटी मुमा छिन्, त्यो पनि अर्काको भाँडा माँझेर मेरो भविष्यको सुदूर पथको आशामा चिन्तारूपेणा भावनालाई दौडाएर सैकडौं कण्टक हृदयमा गड़ेर, उरमा रक्तको ढेका पिलाएर सर्वदा मेरो पढ़ाईमा लीन छिन् । मेरो निःसहाय करूण जीवन देखेर अब ता मैले पढ़ेर मात्र हुँदैन, सानो तिनो काम गरेर भए पनि एउटी मुमालाई छोटो अवधीको बुढ़ेसकालमा सुख साथ पाल्नु पर्‍यो भन्ने बिचारले मेरो हृदयलाई बिचलीत् गराउँछ । तर अफसोस, मुमाले मेरो बिचारलाई प्रलयबाढ़ दिएर दुःख गरेर पनि पढ़नु भन्छीन् । म पनि पाठशालाबाट आएपछि गाउँका साना-साना नानीहरूलाई 'प्राईमेट' पढ़ाउँछु, त्यसबाट पनि मलाई केही सहायता मिल्छ । यस बाहेक अरू-अरू मोटा मोटी कामहरू पनि पाए गर्छु ।"

"सुजला, यहि हो मेरो जीवनको साराँश । यस भन्दा बढ़ता म अरू के बताउँ । संम्झनोस् आफै अनि अन्दाजा लगाउनोस्, यस भन्दा असल उत्तर त के दिनु र ?"

× × ×

सुजला, शरदको दुःखजड़ित बर्त्तमान गरीबी अवस्थाको सविस्तार बर्णन सुनेर भावनारूपी पंख लिएर उड़िसकेकी थिइ । एकोहोरो भइ सकेकी थिईं । सुजला र शरदको नेत्र चार भइसकेको थियो । सुजला भसङ्ग भएर नेत्रबाट अश्रु झार्दै कम्पित स्वरमा भन्छे, 'शरद, त्यसतो विप्रल विचार लिएर आफ्नो पढ़ाईमा बाधा पुऱ्याउने कोशिष तिमी जस्तो ज्ञानी मानिसले गर्नु सुहाउँदैन, हुन सक्छ गरीबीले मानिसको आकांक्षा र प्रेरणामा वाधा पुऱ्याउँन खोज्छ तर यहि चाहयौं भने हामीलाई कस्तै पनि आपत्ति किन आई न लागोस्, यद्यपि हामी हाम्रो कर्मपथका सुदृढ़ भई अगि बढ़न सक्छौं । तिमी स्वयम् जान्दछौं यो बीसौं शताब्दी हो । संसारको वातावरणमा धेरै नै परिवर्तन आई सकेको छ ।

तिमी अहिले आइ० ए० पढ्दै छौ यदि, यतिमै छोड्यौ भने तिम्रो अवस्था "हात्ती छिर्‍यो पुच्छर अड्क्यो" भने झैं हुनेछ । यदि तिमीले काम खोजे तापनि भने जस्तो काम पाउँनु कठिन छ । आज-कल जस्तै काममा पनि अधिक पढ्नेहरूले नै प्रथम अवकाश पाउँछन् । यसर्थ म आज तिमीलाई एउटी बहिनीको रूपमा सहायता गर्नु चाहन्छु, के मेरो बिन्तीलाई स्वीकार गर्छौ" शरद किंकर्त्तव्यविमूढ भइ बस्यो । शरद अनकनिँदै बोल्छ, "तर....सुजला ।" सुजलाले शरदलाई बोल्नै नदिएर स्वीकार गर्नमा बाध्य गराउँछ । सुजला आफ्नो हात घडीमा हेर्दै, "अहो ! छ पनि बजिसकेछ, लौ...बस है, शरद म जान्छु, अब त चिनापर्ची भयो, समय समयमा आउँदै गरूँला ।" त्यति भनी सुजला त्यहाँबाट गइन ।

× + ×

भोलिपल्ट बिहान आठ बजेतिर सुजला चौरस्तामा शरदलाई पर्खिरहेकी थिइ । एक छिन पछि शरद पनि त्यही बाटो भएर आइपुग्छ । सुजला अगि बढेर "गुड मर्निङ, शरद" भन्छे । शरद झस्केर, "अरे ! सुजला तिमी ! अझ कालेज गएकी छैनौ, समय त हुन लाग्यो र होइन ? तिम्रो घडीमा कति बज्यो ? हेर त !" "म तिमीलाई पर्खिरहेकी, भरखर त आठ बजेर पन्द्रह मिनट गयो, अहिले समय बहुत छ । बिस्तारै गए पनि हुन्छ" भन्दै क्रमशः पाठशाला तर्फ बढ्यो । केही माथ्तिर पुगेर सुजलाले शरदलाई पचास रूपया दिन खोज्छे । लजाएर त्यो पैसा थाप्न अस्वीकार गर्छ । शरदले पैसा थाप्न लजाएको हो भन्ने कुरो उसले थाहा पाईन । सुजलाले शरदको खल्तीमा त्यो पैसा धुसार्दै भन्छे, "अब हेरूँ त तिमीले कसरी यो पैसा थाप्न मान्दैन, मनुष्यले मनुष्यलाई सहायता गर्छ, मनुष्यको पीडा पशुले ता बुझ्दैन । आज म तिमीमा न भए तापनि तिम्रो गरीबीपनामा दुःखित छु, तसर्थ म तिमीलाई मनुष्यले पशुको रूपमा होइन तर मनुष्य कै रूपमा मनुष्यत्वको बिचार राखी सहायता गर्छु । यसमा मेरो के भूल छ ? आज कसै गरेर भए तापनि पाठशालाको खजाना तिर्नु है ल ?" शरद पनि खिन्न चित्तले, "बहिनी, आज तिमीले मलाई सहायता गर्‍यौं, भोली गर्‍यौं, तर जीवन भर त गर्दिनौ, यसर्थ मेरो दुःखको आँशु पुछ्नु म व्यर्थ देख्छु, किनभने हुन सक्छ, मेरो नेत्रको अश्रु पुछी देउली तर हृदयको त सक्तिनौं । आज तिमीले मलाई एउटा दाज्यूको हैसियतले व्यवहार गर्छौ तर समाजले यसमा झूठो अपवादद्वारा हाम्रो उदार व्यवहारलाई दोषी ठहराउँछ । तिम्रो यति गुण नै मेरो निम्ति सहस्र छ ।"

× × ×

यसरी नै सुजला र शरदको मैत्रीकरण दिन प्रति दिन प्रबल हुदै गइरहेको थियो । संधै बाह्र बजे शरद पानी पिएर पेट भर्थ्यो । त्यस दिनदेखि सुजलाले शरदलाई जबरजस्ति डोर्‍याएर घरमा खाना खानु लानु थाली । सुजलाको घर हेरेर शरद स्वर्गको कल्पना गर्थ्यो । सुजला केवल एउटी छोरी भएकी हुनाले अत्यन्तै सुखमा हुर्केकी थिइ ।

शरदलाई संधै खुशी तुल्याउनमा सुजला लीन थिइ । केही दिन पछि सुजलाले मुमा र बुवाको अनुमति मांगेर शरदका मुमा समेतलाई आफ्नो घरमा संधैको निम्ति ल्याएर फराकै कमरा दिएर राखी । शरदलाई पनि ऊनीको एक सुट लुगा बनाई दिई । यो सब देखी गाउँका मानिसहरूले झूठो अपवाद लगाउन थाले । सुजला र शरदको पढाई पनि संधैको भन्दा राम्रो हुँदै गयो । वार्षिक परिक्षाको समय पनि क्रमशः नजिक आइसकेको थियो । सुजला र शरद रात-दिन एउटै कमरामा पढ्रिहन्थे । गाउँका मानिसहरूले भन्-भन् नराम्रा अपवादहरू ल्याउन थाले । कालेजमा पनि साथीहरूले नराम्रो दृष्टिकोणले चियाउन थाले । यी सब विषयहरू थाहा पाएर शरदले आफ्नो हृदयलाई अमिल्याउथ्यो, तर के गरोस्, "खाने मुखलाई जुंगाले थुन्दैन", भन्ने अवस्थामा पुगेको थियो ।

परिक्षा पनि शुरू भयो । एक सप्ताहबाद परिक्षा पनि खतम भयो । त्यस दिन बड़ो खुशी-साथ शरद र सुजला आपसमा चित्त माझा-माझ गर्न थाले । यत्तिकैमा शरदले भन्छ, "सायद तिमी उत्तीर्ण भयौ भने त तिमीलाई बुवाले "लण्डन" पठाउछन् होला ?" सुजला रिसाएर, "अँह ! म

ता अब ग्याम्मै पढ्दिन, बरू म तिमीलाई उच्च शिक्षाको निम्ति पढ्न सहायता गर्छु, तिमीलाई भगवानले जुन दिमाग दिएका छन्, त्यसतो दिमाग त सायद विरलै पाइन्छ होला ।"

सुजलाको चाँहि शरदलाई आफ्नै दाज्यू बनाएर धन–सम्पति सुम्पिने बिचार थियो, किनभने सुजलाका दाज्यू–भाइ कोही पनि थिएनन् । सुजला र शरदको जात पनि एकै थियो । तर अपसोस् मानिसमा बिचार कहाँबाट आवोस् ! सुजलाका मुमा बुवालाई पनि शंका पर्न थाल्यो । उता मानिसको अपवाद, यता छोरी र शरद संगै एकै साथमा हिंडेका, बोलेका । शंकारूपी बिचारमा यी सब चालले झन्–झन् सत्य झैं बनायो । मुमा–बुवाको हृदयमा चिन्ताको ढोल बज्न थाल्यो । यिनीहरूलाई कसरी अलग गर्नु ? सदा यही बिचारले आकुल बनाउन थाल्यो । परिक्षा–फलको पनि खबर आयो । सुजला साथै शरद दुवै जना पास भए । शरदले पहिलो अनि सुजलाले दोस्रो स्थान प्राप्त गरे ।

\+ + +

एक महिनाबाद सुजलाको विवाह हुने निश्चय भयो । शरद पनि बडो आनन्दित भयो । अभाग्यवश विवाहका दुई हप्ता अगि शरदका मुमाको देहान्त भयो । विवाहको एक दिन अगि शरदले जूठो बारि सक्यो । भोलीपल्ट सुजलाको विवाहको धुमधाम शृंगार भइरहेको थियो । शरदको उदासीपनलाई मानिसहरूले झूठो बिचार लगाए । कत्तिले ता आज सुजलाको विवाह अर्को युवक संग हुँदैछ, त्यसर्थ शरद दुःखित भइरहेछ भने । सुजलाको बिवाहको बडो धुम-धाम साथ इतिश्री भयो । भोलि पल्ट शरदलाई घर-देखि निकाली दियो । शरद पागल झैं घुमी हिंड्न थाल्यो अन्त्यमा शरदले एउटा मास्टरी काम पायो । समय समयमा सुजलाको पत्र आइरहन्थ्यो ।

एक बर्ष पनि बितेको थिएन; सुजलाको हठात् मृत्यु भएको खबर पाउँदा शरद पागल झैं भएर त्यो गाँउ छोडेर हिंड्यो ।

वास्तवमा सुजलालाई शरदसंग आँखा लगाएर उनका पतिले हिर्काई रहन्थ्यो र त्यही पीरले विरक्त भएर सुजलाले झूठो अपवादको परिचय दिन आत्महत्या गरिन् ।

My sincere wishes—

All for the best to the members of

KUMUDINI—PARIWAR.

May God bless them and give them strength.

Lai. K. Ahoy.

मुनामदन अनि देवकोटा

भरत कुमार थापा।

जोन किट्सको ओड टु आ नाइटिंगेल (Ode to a Nightingale) सिद्धहस्त कवितात्मक कलाको एउटा मापदण्ड भएको छ। यो कविताले अंग्रेजी साहित्यको रोमाञ्चमा उथल-पुथल मचाएको छ। यही नै तिनको कीमती कविता—हुनलाई त अरू कविताहरू पनि उच्च कोटिका छन्, यद्यपि यसको दाँजोमा आउन सक्दैन। कतिपय समालोचकहरूको उक्ति यो छ कि यदी यही कवितामात्र प्रस्तुत गरी किट्स मरेका भए पनि, तिनको सम्मान अंग्रेजी साहित्यमा बीशको उन्नाइस हुने थिएन होला। यस्तो उक्तिलाई खूब गौड़ दृष्टिकोणले अवलोकन गर्‍यौं अथवा तौल्यौं भने भनाइमा तल माथि केही फेरो हुन जाला तर तात्पर्यमा अलिकता पनि रंग बदलिने छैन। यस्तै प्रकारले, यदि हामीले स्व० आशु कविका कृतिहरूको ओजन लियौं भने सबै भन्दा ओजनदार मुनामदन भेटाउने छौं अनि यही तथ्यको आड़मा स्व० देवकोटाको परिचय, महिमा अनि सम्मान वृहतरूपमा नेपाली जगतमा फैलिएको हो। हुनलाई त बहुप्रतिमा-मुखी देवकोटाका अन्य कृतिहरू पनि उच्च कोटिका छन्। जस्तै—तीन महीने शाकुन्तल (महाकाव्य), दश दिने सुलोचना (महाकाव्य), एक राते कुञ्जिनी (खण्ड काव्य), सत्यवान-सावित्री (नाटक), प्रसिद्ध प्रवन्ध-संग्रह, लक्ष्मी निबन्ध-संग्रह इत्यादि।

स्व० कविका यस्ता अन्य उच्च कृतिहरूले पाएको लोकप्रियता, प्रचार अनि असर नेपाली समाजमा, मुनामदनको सित जोख्यौं भने, यो कुरा महसूस गर्न सक्छौं कि मुनामदन नै कविको परिचयात्मक विज्ञापन हो; झ्याउरे खेतीको वियाँट हो अनि नेपाली कलाको बुट्टेदार खिलान् हो। ती अन्य कृतिहरू आजसम्म कत्तिको प्रचार भएको छ? आफैंले अध्ययन नगरी केवल एक दुइ सुन्नेका कुरा भर छाड्नोस् अनि भन्नोस् स्व० देवकोटाको मुनामदनको प्रचार, यसको पठन अनि सम्मान जति मात्रामा प्रसारित भएको छ, त्यतिको अरू कृतिहरूको भएको छ? शाकुन्तलको प्रशंसाको लामो भूमिका बाँध्नेहरूको संख्या पनि एकदमै कम पाइन्छ, त्यही पनि साँचो साँचो अध्ययनको परिचय होइन वरण लाटा देशमा गाँड़ा तन्देरी हुने अवकाशमा।

मुनामदनले यो स्तरमा पाएको लोक-प्रियताका मुख्य कारणहरू—१ साधारण बुद्धि-गम्यता, २ नेपाली कथालाई सुहाउँदो झ्यामर छन्द अनि ३ नेपाली आत्माले भरेको कथानक।

साधारण बुद्धि गम्यता—

यो खण्डकाव्यको भाषा सरल अनि साधारण बुद्धिगम्यता छ। कथाको सिलसिलाको अलिकता मेलो भेट्टाउने साथ पठन्मा कठिनाइ छैन, मनन्मा अल्मलाउने झिंझो छैन बरू सट्टामा चुटकिलो टुक्रा अनि कटाक्ष व्यंगले पाठकवृन्द-लाई अझ उता, अझ उता, डोर्‍याउँदै खण्ड-काव्यमा गुथेको हारको एक एकवटा सुमनको सुवास नस्वपुटमा छर्दै अन्त्यसम्म डोर्‍याउँद छ। चुटकिलो टुक्रा अनि स्वादिलो व्यंग मदनको बोलीमा—

"क्षेत्रीको छोरो यो पाऊ छुन्छ, घिनले हुँदैन,
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।"

अर्को दुइ पाउमा, मानिसले कस्तो नीच काम पनि गर्छ भन्ने एउटा तीव्र व्यंग—

"सर्पको दाँतमा विषको मैलो, ईखको तिखो फल,
मानिस भित्र झन् हुन्छ कालो मनमा हलाहल।"

मुनामदन बाहेक अन्य कृतिहरूमा देव-कोटाजीले सरल भाषाको प्रयोग गर्नु भएका छैनन्। उहाँको सरल भाषा सम्बन्धी लैनसिहँ बाङ्देल अनि श्री भाइचन्द प्रधानको साहित्यिक

द्वन्द्व भारतीमा भएको अझै प्रष्ट अनि आलै छ । देवकोटाजी सरल भाषी हुन् भन्ने प्रशंसाको पूल बाङ्देलजीले थाप्नु हुँदा श्री भाइचन्द प्रधानले जुन प्रकारले खण्डन गरे, त्यो सराहनीय हुन गयो । देवकोटाका धेरै कृतिहरू यस्ता छन् जसलाई बुझ्न एकदमै गाह्रो पर्छ । भिन्न भिन्न साहित्यको शब्दकोश ठेलीका ठेली भएको हुनाले, क्लिष्ट शब्दको प्रयोग भएकोमा उहाँ सतर्क रहनुनै हुन्न थियो । एकचोटि लेखिएको लेख, कविता-लाई दोहऱ्याउने, पालिस लाउने अनि फेरि कलाले सिंगार्ने उहाँको आदत नभएकोले गर्दा, क्लिष्टता कहाँ परेको छ, सो उहाँले याद गर्नु हुन्नथ्यो । क्लिष्टता त पाठकलाई पो हुन्छ, लेखकलाई यसको के पर्वाह । पाठकवृन्द भने भावनाको गहिऱ्याइमा नै अलमलिई रहेकोबेलामा ज्यादै क्लिष्ट शब्दको प्रतियोग गर्न नसकी भनूँ या झिंझो मानी बस अरू उता नपढ्नु नै रूचाउँलान् । शाकुन्तल जस्तो कीमती अनि उच्च कृतिलाई पढ्नेहरूको संख्या हातका औंलामा टिप्न सकिन्छ । वृहतरूपमा यो महाकाव्य शाकुन्तलको प्रचार अनि यसलाई पठन गर्नेहरूको संख्या कम भएको मुख्य कारण चाँहीं क्लिष्ट भाषा भएकोले हो । मुनामदनको दाँजोमा ल्याउन सक्ने देवकोटाको उच्च कृति शाकुन्तललाई उच्च कोटीका गोड़ा दुइ तीन एक लेखक बाहेक, अरूले मनन् गर्न सकेको जस्तो लेखकलाई लागेको छैन । यी सबै सिंहावलोकन गरे पश्चात यो अवश्यै भन्न सकिन्छ कि मुनामदन त्यो वृति हो, जुनमा कविको सरल भाषा अनि साधारण बुद्धिगम्यता छ । सजिलै यसलाई पठन अनि मनन गर्न सकिने हुनाले वालवृद्धवनिताले यसलाई पढ्छन् , उल्लेख गर्छन् अनि प्रचार । हुनसक्छ श्री बाङ्देलज्यूले पनि मुनामदनकै प्रभावपातमा देवकोटालाई सरलभाषी भन्नु भएको होला तर—उहाँको भनाइले सम्पूर्ण कृतिहरूलाई नै संकेत गरिएको थियो । मुनामदन अनि देवकोटालाई लियौं भने हामी कविलाई सरलभाषी भन्न सकछौं ।

मुनामदनले लोकप्रियता उपलब्ध गरेको दोस्रो कारण झामर छन्दको प्रभावपात हो । यो छन्द लोक गीतको एउटा मुख्य अङ्ग हो । यसमा धेरै लय, राग अनि सूर निकाल्न सकिन्छ । अशिक्षित भन्दा अशिक्षित अनि शिक्षित समाजले यो छन्दमा, यसको लयमा अनि तालमा आनन्द लुट्न सक्छन् , औ सक्रिय भाग लिन सक्छन् । यो छन्दमा ठूला-साना, गरीब-धनीका भेदभाव छैन । कुन नेपाली होला यो लयमा गाएको गीत, धून अनि आवृतिलाई नरूचाउँलान् ? यही मुनामदनको झामर छन्दको असर अनि यसको विकाशले गर्दा श्री धर्मराज थापाको उद्धार भएको कुरा ध्रुवसत्य हो । धर्मराज थापा जनकवि हुनसकेको श्रेयनै झामर छन्दको विकाश देवकोटाद्वारा भएकोले हो । यति मात्र होइन, लोक गीतका अरू अङ्गहरू जस्तै ख्याली, सोरठी, बिरानी, सुनिमायो, मारूनी इत्यादिलाई पनि यो झामर छन्दले (मुनामदन) विकाश गर्ने प्रेरणा दियो । जहाँ जहाँ नेपाली-हरू छरिएर बसेका छन्, त्यहाँ मुनामदनको अमेट स्मृति बसेको छ । फौजी दाज्यू भाइको 'रेली-माई-को पूर्व इतिहास झ्याउरे भन्दा अघिको होइन । श्री देवकोटाजी अनि मित्रसेनको अथक परिश्रमले गर्दा, धर्मराज थापाले लोकगीतले लोकप्रियता पाउन सक्यो !

कथानक—

मुनामदनको कथानकमा कुनै ठूलो रहस्य लुकेको छैन तर साधारण नेपाली जीवनको एउटा चित्रण । साधारण गृहस्थीमा आर्थिक अवस्थाको निर्मम उपहास, यद्यपि साग र सिस्नु, खाएर पनि त्यो जीवनमा वसन्त फुलेको रोमाञ्चलाई कसले मन नपराउँलान् ? विशेष घटना त्यो कथानकमा मदनको भोट यात्रा । त्यहाँका तरूणी भोटिनीहरूसित भुलिन्छ कि भन्ने मुनाको स्वभाविक स्त्री शंकामा अर्कै रौनाक पाइन्छ न कि उसको संकीर्ण हृदयको कटाक्ष । साधारण कथानक अनि नेपाली जीवनमा पाइने विषयवस्तुको श्रृंखलामा

त्यो कथा वियोगमा अन्त हुन्छ । आमा, मुना अनि मदन मर्छन् । तिनीहरूका निम्ति आँसु खसाउने अनि सहानुभूति दर्शाउने पात्र पात्राहरू बहुतै कम भए तापनि हामी सम्पूर्ण पाठकवृन्द छौं । यस्तो नेपाली आत्माले गुंथेको कथा-कवितामा कविले कवितात्मक कलाले ठाउँ ठाउँ कुँचि लगाउनु भएको छ । यो खण्डकाव्यले लोकप्रियता पाएको मुख्य कारण यो हो । जसरी 'मधुमालती', 'सुनकेशरी' अनि 'लालहीरा' को कथा नेपाली समाजमा प्रिय हुनसके, उसरी नै मुनामदन भएको छ ।

सर्वप्रिय यो खण्डकाव्यले गर्दा नै स्व० कविवर देवकोटालाई के ठूला के साना सबैले चिन्न सके । यो रचनामा उनी अमर छन् । जबसम्म मुना अनि मदन दुइ तारा नेपाली नभमा चम्किरहन्छन्, तब सब यी ताराहरूका सृष्टिकर्ता ब्रह्मको रूपमा देवकोटाजी अमर रहने छन् ।

देवकोटाजी आज हामी मध्यस्थ छैनन् तर पनि

जसरी मुनामदनमा—

"पृथिवीवारी पृथिवीपारी ती मुना अझ छिन्
फूलमा हाँस्छिन्, जलमा नाच्छिन् ! तारामा चम्कन्छिन् ।"

उसरी नै—

"पृथिवीवारी पृथिवीपारी, देवकोटा अझै छन् ।
नेपालका तारा, सबैका प्यारा, चम्कने सँधै छन् ।"

\+ \+ \+

सम्पादकीय

सम्पूर्ण कुमुदिनीका परिवार अनि यसका हितैषीहरूलाई, एकताको सूत्रमा बाँधी आफैं चमनिकामा लगाइएको चीर अभिप्सित 'कुमुद' कै सेवा—सश्रुषा गरी यसको सुवास फैलाउने हितुलिई यो 'कुमुदिनी परिवार'—हुने पहिलो कदम उठाएको छ । मञ्जिल दूर सुदूर छ तर असम्भवको बादलले छेंकेको छैन । संकलित प्रयाश अनि संगठित मन भए पहाड़ फोर्न त सकिन्छ रे, त किन हामी हाम्रो निष्कर्शमा पुगी सूर्य्याङ्कित झण्डाको गौरव हिमशैलको टाकुरामा पुऱ्याउन सक्तैनौं ? अवश्यै, एकदिन हाम्रो उच्चाभिलाषाले सफलता पाउने छ । यसका निति आजै देखि हामी कटिवद्ध भई एउटै आवाज निकालौं, एउटै लयमा गाऔं अनि एकताको अंकुरा प्रादुर्भाव गरौं—

झण्डा हाम्रो उच्चा रहोस,
ध्येय हाम्रो महान ।
भक्ति हाम्रो सच्चा रहोस्,
यही हाम्रो शान ।

"कुमुदिनी परिवार" प्रति

"कुमुदिनी-परिवार" को जुन रूपरेखा आज देखिन लागेको छ सो बहुतै आनन्ददायक छ । यसको जग बलियो रहोस् अनि यो परिवार फुलोस्, फलोस् बढ़ोस् औ यसको सुवासना सर्वत्र फैलियोस् यही मेरो हार्दिक शुभकामना छ ।

—एस० के० प्रधान ।
कुमुदिनी-परिवार, कालिम्पोंग ।

मूल मन्त्रीको रिपोर्ट

कुमुदिनी भूतपूर्व छात्र संघको बिऊ २५ मई '५७ को शुभ मुहुर्तमा कुमुदिनी होम्स-का प्रधान अध्यापक श्री टीकाराम शर्माज्यूले रोप्नु भयो । यो नौलो ढंगको भूतपूर्व छात्रहरूको सम्मेलन कुमुदिनी होम्समा मात्र नभई समस्त भारतमा नै नौलो छ । त्यसैले आज प्रधान अध्यापक प्रति कुमुदिनी परिवार मात्र होइन तर सारा भारत ऋणी छ ।

प्रत्येक वर्ष २४ र २५ मईमा कुमुदिनी भूतपूर्व छात्रहरू भेला भई केही न केही नयाँ कार्य सम्पन्न गरी यसलाई एक सुत्रमा बाँध्न लाग्यो । २४ र २५ मई '६० मा यसले विस्तृत रूप लिई तर्क सभा र साहित्यिक गोष्ठीको आयोजन पनि गरेको थियो । स्कूल दिवसमा यी दुवै कार्यक्रमले सुनमा सुगन्धको काम गरेथ्यो । यसरी नै यो छोटो अवधिमा यो संघले धेरै उन्नति गरिसकेको थियो ।

यही बीचमा, परिचित छात्र संघले औतार फेर्‍यो । यसले जन्म लिएथ्यो दार्जिलिंगको मुटु छेंड्ने जाड़ोमा, त्यो पनि बुतासे खुनी चौक बजारमा । यसको जन्म दिवसमा हाम्रा प्रधान अध्यापक श्री टीकाराम शर्माज्यूले नामकरण गरि-दिनु भयो—'कुमुदिनी–परिवार' । अब यो परिवार किटाणु सरह बढ्नलाग्यो र यसलाई एक सुत्रमा बाध्न दुई मंत्र जप्न लाग्यो—परिवार संगठन र पत्रिका प्रकाशन ।

यस संसारमा जन्म लिए पछि अनेकानेक बिघ्न बाधा सहन गर्न पर्‍यो तर त्यसको सामने वीर कहलाएको नेपालीले झैं यसले छाती फुलाई सामना गर्‍यो । प्रथमतः धनको नाममा एक नयाँ पैसा थिएन । धन न भए परिवारको लालन पालन कसरी हुने त्यसैले परिवार मगन्ते बन्यो । हात फैलाई 'भिक्षां देहि' भन्दै परिवार दैलो ढकू ढकाउन लाग्यो । छिमेकी तथा परदेशीहरूबाट यथा शक्ति सहायता हुनलाग्यो र आज यसको रूप अलि बदले झैं छ । उहाँहरूको सहयोगमा नै परिवार निर्भर छ अनि सहयोगी बनेको खण्डमा परिवार कृतज्ञता प्रगट गर्छ ।

यस्तै विघ्न वाधाहरूको बीचमा अर्को वाधा आइलाग्यो । ५ मई '६१ मा हाम्रा प्रधान अध्यापक श्री टीकाराम शर्मा ब्रिटिश काउनसिल अफ एजुकेशनको निमन्त्रणा अनुसार हामीलाई २४ मईमा शुन्यतामा राखी दुइ महिना-को निम्ति लण्डन जाने भए । २४ मईमा उहाँलाई नव कौशेली चढ़ाउने परिवारको कत्रो उत्कट इच्छा थियो तर त्यसको सट्टामा विदा दिएको खण्डमा दुःख भन्दा ज्यादा गर्व छ । कुमुदिनी परिवार त के पूर्व भारतले नै गर्व गर्छ । विदाई समारोहमा भूतपूर्व छात्र संघ पनि सम्मिलित भई बिदा दियो । उहाँको भ्रमण आनन्दमयी होस् भनी परिवार शुभेच्छा चढ़ाई रहेछन् ।

परिवारका संरक्षक र शुभेच्छुहरूलाई धन्यवाद न टकर्‍याएसम्म परिवार चुप रहनु नै सक्तैन । शिक्षकवर्ग र अहोय साहेबले जो कष्ट पत्रिका प्रकाशन गर्दा उठाउनु भयो त्यस-मा परिवारले हार्दिक धन्यवाद ज्ञापन गर्दा अपूरो नै रहने छ । आफ्नो त्यत्रो बहुमुल्य समयलाई कुमुदिनी परिवार पट्टि बिताई '५७ साल देखि मूल मन्त्रीको भार सम्हाली यस-को यत्रो विस्तृत रूप दिएको खण्डमा श्री भरतकुमार प्रति परिवार ऋणी छ । गोर्खाको सम्पादकीयबाट फुर्सत नपाई नपाई पनि प्रूफ संशोधनमा सहायता गरि दिएको खण्डमा श्री नरबहादुर दाहाललाई हार्दिक धन्यवाद छ । कभरको निम्ति आर्ट र ब्लक बनाई दिनु भएको खण्डमा थुपदेन रापगे र ग्यालछेन

प्रति परिवार धन्यबाद ज्ञापन नगरे परिवारको कार्य अधुरो नै रहने छ । धन्यवाद ज्ञापन गर्दा परिवारका संरक्षक र शुभेच्छुहरूलाई भुले-को खण्डमा परिवार क्षमा प्राथी छ ।

कुमुदिनी परिवारको मूल मंत्रीको भार सम्हाली बसेको दुइ महिना मात्र भयो, यो छोटो अवधिमा घटेको घटना यस्तै थियो । घटनाको बिवरण गर्दा गर्दै कति छोड़िएको खण्डमा क्षमा प्राथी छु । परिवारका आफन्ताहरूलाई कति मात्रामा सूचना दिन सकिएन, पछि उहाँहरूको ठेकाना पाए सूचना दिने थियो ।

कुमुदिनी परिवार दीर्घायु बनोस्—यहि मेरो उत्कट शुभकामना छ ।

सही—कृष्णबहादुर प्रधान,
मूल मंत्री,
कुमुदिनी परिवार ।

२४ र २५ १९६० मा भूतपूर्व छात्रहरूले आयोजन गरेका कार्य्यक्रमहरूको एक झलक—

२४ र २५ मई १९६१ को दिन भूतपूर्व छात्रहरूले 'स्कूल दिवस' को विभिन्न कार्य्यक्रमहरूमा भाग लिए । स्कूलको आँगनमा भूतपूर्व छात्रहरूको आइसक्रीम, सोड़ापानी र चिया-बिस्कुटको आफ्नै दोकान थियो—दोकानदारको रूपमा हाम्रै परिवारका सदस्यहरू थिए ।

भूतपूर्व छात्रहरूले २४ मई १९६० को दिन डा० बिष्णुलाल दिक्षितको सभापतित्वका एउटा तर्क सभा आयोजन गरेका थिए । तर्कको बिषय थियो—'विश्वविद्यालयहरूमा शिक्षाको माध्यम मातृभाषा हुनु पर्छ ।'

निर्णायकहरूको निर्णय अनुसार विपक्षमा बोल्ने तार्किकहरूको बिजय भयो । तर्कका निर्णायकहरू—(१) श्री टेकबहादुर ठकुरी, (२) श्री दशरथ प्रसाद घिमिरे, (३) श्री लक्ष्मी प्रसाद क्षत्रीय, (४) भाइचन्द प्रधान र (५) सुश्री मणिका घिसिङ, (६) सुश्री गङ्गा पाखरिन ।

भूतपूर्व छात्रहरूको तत्वावधानमा भोलीपल्ट २५ मई को दिन स्कूलका प्रधान अध्यापक श्री टीकाराम शर्माको सभापतित्वमा छात्रहरूको एउटा साहित्यिक गोष्ठी प्रतियोगिता पनि आयोजन गरिएको थियो । पाठशालाका धेरै छात्रहरूले आफ्ना रसिला कथाहरू, भावपूर्ण सुमधुर कविताहरू र विचार पूर्ण निवन्धहरू पाठ गरिएको थियो ।

'स्कूल दिवस' मा दुवै दिन राती भूतपूर्व छात्रहरूले देखाएको हँस्यौली नाटक र मिश्रित खेलहरू दर्शकवृन्दले मुग्ध कण्ठले प्रंशसा गरे ।

दुवै दिनको समारोहहरू बाहेक ता० २५ मईको दिन स्कूलका प्रधान-अध्यापक तथा स्कूलका अन्य स्टाफहरूसंग बसेर भूतपूर्व छात्रहरूले हाँस, खेल ठट्टा गर्दै खाएको चिया-चमेनाको सम्झना अविस्मरणीय थियो ।

कुमुदिनी परिवारका अर्थ सहयोगीहरू

		रू०	न० पै०
श्री एल० के० अहोय — —	कालिम्पोंग ...	३१	००
श्री जबर्द्धन धमला, फोरेष्ट बिट अफिसर —	दार्जिलिंग ...	१५	१५
श्री धनकुमार प्रधान, क्लर्क खाद्य विभाग —	दार्जिलिंग ...	१३	२५
श्री सुर्य बहादुर राई, जलढका प्रोजेक्टमा —	जलढका ...	१०	००
श्री हरि प्रकाश शर्मा, —	...	१०	००
श्री चन्द्रकुमार प्रधान, एसिस्टेन्ट सब-इन्सपेक्टर अफ पुलिस—	सुखिया पोखरी ...	५	००
श्री तेज प्रसाद दाहाल, ,, ,, ,,	कालिम्पोंग ...	१०	००
श्री इन्द्र बहादुर मोक्तान, पल्टनमा	लदाक ...	५	००
श्री दीपक कुमार प्रधान, स्टेनो/टाइपिस्ट	कालिम्पोंग ...	६	००
श्री नरबहादुर दाहाल, सम्पादक 'गोर्खा'	कालिम्पोंग ...	५	००
श्री मदन कुमार छेत्री, मूल मंत्री, नवभारत युवक संघ	दार्जिलिंग ...	५	००
श्री नियाज अली	...	५	००
श्री कृष्ण प्रसाद दियाली	...	५	००
श्री विभूति भूषण प्रधान, शिक्षक	दार्जिलिंग ...	७	००
श्री रत्न बहादुर भूजेल	कालिम्पोंग ...	२	००
श्री गणेश मणी प्रधान	कालिम्पोंग ...	५	००
श्री रूद्र बस्नेत	सुखिया पोखरी ...	६	००
श्री केवल थापा, उच्च बुनियादी तालिम केन्द्र	दार्जिलिंग ...	५	००
श्री रत्न बहादुर प्रधान, शिक्षक	टिस्टा ...	९	००
श्री गोपाल मणी प्रधान, दोस्रो वर्ष कला—सन्त जोसेफ कलेज,	दार्जिलिंग ...	१०	००
श्री बालकृष्ण पराजुली, प्रि० युनिभरसिटी कला—सन्त जोसेफ कलेज,	दार्जिलिंग ...	१०	००
श्री एडल्फ क्लेमेण्ट, ,, ,, ,, ,,	,, ...	६	००
श्री लक्ष्मी प्रसाद शर्मा, ,, वाणिज्य— ,, ,, ,,	,, ...	४	००
श्री कृष्ण बहादुर प्रधान, दोस्रो वर्ष वाणिज्य — ,, ,, ,,	,, ...	१०	००
श्री छिरिङ्ग धार्गे भुटिया, दोस्रो वर्ष विज्ञान — ,, ,, ,,	,, ...	६	००
श्री के० पी० राई, तेस्रो वर्ष विज्ञान — ,, ,, ,,	,, ...	६	००
श्री रूप नारायण, दोस्रो वर्ष कला — ,, ,, ,,	,, ...	२	००
श्री तिलक थापा, चौथो वर्ष कला — गभर्नमेंण्ट कलेज	दार्जिलिंग ...	१५	०१
श्री भवानी कुमार प्रधान, प्रि युनिभरसिटी कला— गभर्नमेण्ट कलेज	दार्जिलिंग ...	६	००
श्री एस० डी० कार्गे, चौथो वर्ष विज्ञान — गभर्नमेण्ट कलेज	दार्जिलिंग ...	१०	००
श्री भानुभक्त प्रधान, दोस्रो वर्ष कला — एस० यु० एम० कलेज,	कालिम्पोंग ...	५	००
श्री खिदमत सुब्बा	....	१०	००
श्री भरत कुमार थापा	....	१०	००

				रू०	न० पै०
			...	१०	००
श्री ग्यापन रोङ्गगोङ्ग	....	....	...	१०	००
श्री पारसनाथ तिवारी	....	....	...	१०	००
श्रीमती मधुमालती प्रधान	....	....	...	५	००
श्री मनबहादुर प्रधान	....	....	...	५	००
श्री प्रमात्मा शंकर पाण्डेय	....	....	...	५	००
श्री काली चरण प्रसाद गुप्ता	....	....	...	२	००
श्री ललित बहादुर परियार	....	....	...	२	००
श्री सन्त कुमार प्रधान	....	....	...	२	००
श्री विजय प्रसाद बस्नेत	....	....	...	२	००
श्री रूपराम देवान	....	....	...	२	००
श्री धनबीर सिङ्ग	....	....	...	२	००
श्री विभव चन्द्र सिमिक	....	....	...	२	००
श्री मदनकुमार सुब्बा	....	....	...	२	००
श्री खगेन्द्र सोंगपाङ्वे	....	....	...	२	००
श्री विजयचन्द्र सुब्बा	....	....	...	२	००
सुश्री गङ्गा पाखरीन	....	....	...	२	००
सुश्री देवकुमारी देवान	....	....	...	२	००
श्रीमती कमला मिश्र	....	....	...	२	००
श्रीमती पी० के० सुब्बा	....	....	...	२	००
श्रीमती एस० एल० कारथक	....	....	...	२	००
श्रीमती पी० सुब्बा	....	....	...	२	००
श्री ए० बी० कुमाई	....	....	...	२	००
सुश्री सरस्वती दिक्षित	....	....	...	२	००
मिगमा छिरिङ्ग लेप्चा	टेलिग्राफिस्ट	....	दार्जीलिङ्ग	५	००
भुवन प्रधान		....	मलाया	१०	००
बलराम गुरूङ्ग	शिक्षक	....	बड़ा मङ्गवा	५	००

यो 'कुमुदिनी परिवार' प्रकाशनका निंति दान सहयोग दिने दाताहरूलाई कुमुदिनी परिवारका सम्पादक मण्डलि धन्यवाद चड़ाउँछन् ।

कुमुदिनी होम्स र थुपदेन रापगेको सौजन्यताले प्राप्त ब्लक ।

शुभकामनाहरू

बसन्त ऋतुको स्वागतार्थ नव उमङ्ग नव जोस लिई फक्रन लागेको पुष्परूपी 'कुमुदिनी-परिवार' ले पाठशालाका छरपष्ट भई यत्र तत्र छरिएका भूतपूर्व छात्रगणलाई आह्वान गरी प्रेम र एकताको दृढ़ सुत्रमा बाँध्नको लागि अघि लम्किरहेको छ ।

बिजय दशमीको उपलक्ष्यमा टाड़ा बसेका छोरा छोरी पनि टीको लाउन आउँछन्—कोसेलीको रूपमा केही लिएर । अँ साँच्चै दशैं दशैं नै हो—कति दिन कति वर्ष पृथक भइ दुर रहेका परिवार एकत्रित भई सुख लिप्साको स्वाद अनुभव गर्छन । त्यस्तै हामी कुमुदिनी छात्रगणका निमित्त २४ मई दशैं हो अनि 'कुमुदिनी-परिवार' कोसेली । यस कोसेलीले सबैका विभिन्न भावना र कल्पनाको भेटघाट भएको सबैलाई थाहा दिलाउँछ । हातैमा आई रहेको 'कुमुदिनी-परिवार' त झन् हाम्रालागि पथगामी हुन लागेको छ । अवश्यै यसले विछोड़िएको छात्रगणमा एकताको भावना निश्चयै जगाउला । यसर्थ एकता, प्रेम र सेवाका महान सामग्रीलाई सहृदयबाट म शुभकामना टक्र्याउँछु—चाँड़ै फूलोस्, फलोस् अनि सफलता प्राप्त गरोस् ।

—सूर्यबहादुर राई, कुम्भाई ।

कुमुदिनी-परिवारदेखि अध्ययन समाप्त गरी अब आफ्नै जीवन गोरेटोमा अघि बढ़न लागि रहेका सदस्य रूपी छात्रहरूमा आफ्नो मूल परिवार प्रति सद्भावना र अनुराग हुनु आफ्नै पनि एवं मूल परिवारको पनि उन्नतिको द्योतक हो । भूतपूर्व छात्र हरूको यो कदम अति सराहनीय र छात्रवर्गको निति अनुकरणीय छ । विभिन्न जीवन पथमा अग्रसर भइरहेका ती सदस्यवर्गलाई एक सुत्रमा बाँधी मूल परिवार प्रतिको सद्भावनालाई हरियो राखेर निश्चय नै यसले कुमुदिनी-परिवारलाई एउटा विशाल रूप दिनेछ । 'कुमुदिनी-परिवार' को दीर्घायु होस्—कुमुदिनी वागमा यो फुलोस; फलोस यही हाम्रो शुभेच्छा छ ।

शिक्षकवर्ग
कुमुदिनी-परिवार, कालिम्पोंग ।

१२ मई १९६१ ।

यह जानकर मुझे अपार हर्ष हुआ कि कुमुदिनी परिवार के उत्साही सदस्य-गण 'कुमुदिनी परिवार' नामक पत्रिका प्रकाशित कर रहे हैं । यह पत्रिका छात्रों में रचनात्मक एवं साहित्यिक उन्नयन की सरस धारा प्रवाहित करे तथा जन-चित्त-बृत्तिको मधुर शब्दामृत से तृप्त करे । साथ ही अपने बिखरे हुए अनेकानेक सदस्यों को एकता के सूत्र में बांधकर आँदर्श-परिवार के स्वर्णीम सन्देश प्रसारित करें ; यही हमारी शुभकामना है ।

—पारसनाथ तिवारी, कालिम्पोंग ।

कुमुदिनी होम्सका प्रधान-अध्यापकको

बिदाई-समारोह

कुमुदिनी होम्सका प्रधान-अध्यापक श्री टीकाराम शर्मा, बृटिस काउन्सिल अफ एजुकेशनको निमन्त्रणमा तारीख ८ मई १९६१ को दिन बी० ओ० सी० बाट बेलायत प्रस्थान गर्नु हुने हुनाले, तारीख ५ मईको बिहान कुमुदिनी होम्सका जम्मै छात्रहरू, स्कूलका स्टाफहरू र भूतपूर्व छात्र संघका प्रतिनिधिहरू आफ्ना प्यारा प्रधान-अध्यापकलाई बिदा दिन कुमुदिनी होम्स, 'धर्म हल' मा भेला भएका थिए ।

हर्ष र अमर्ष पूर्ण वातावरणमा विदाई समारोह प्रारम्भ भयो । स्कूलका तर्फबाट अनि स्टाफहरूका तर्फबाट पनि बिदाईको निम्ति शुभकामना र पुष्पहार चढ़ाइयो । भूतपूर्व छात्र संघको तर्फबाट श्री कृष्ण बहादुर प्रधान, श्री भरत कुमार थापा र भानुभक्त प्रधानले चाँदीको सानो खुकुरी, पुष्पहारहरू चढ़ाए । भूतपूर्व छात्रहरूको तर्फबाट श्री नरबहादुर दाहालले प्रधान-अध्यापकको सफल र सुखद् यात्राको निम्ति शुभकामना चढ़ाउँदै, 'यो कुमुदिनी होम्सको मात्र होइन, शिक्षाको क्षेत्रमा दार्जिलिंगका सारा नेपालीहरूको गौरव हो'—भन्नु भयो ।

अन्त्यमा, प्रधान-अध्यापक श्री टीकाराम शर्माज्यूले शुभकामनाको निम्ति सबैलाई धन्यबाद दिंदै, मेरा प्यारा विद्यार्थीहरूको शुभकामना र यो रमाइलो सम्झना म बिदेशमा पनि याद गर्नेछु । म दुई महीनाको यात्रापछि फर्केर आउँदा स्कूलको पढ़ाई तथा अनुशासन अहिले भन्दा राम्रो देख्न पाउँ' भन्नु भयो । उहाँले एउटा कुरोमा बिशेष जोड़ दिनु भयो—'हाम्रो स्कूलको दशैं' २४ मईमा म यसपाला हुन्न, यो सँधै भन्दा रमाइलो सँग मनाइयोस्—म विदेशमा बसेर यो आनन्ददायक समाचारको प्रतीक्षा गर्छु !'

समारोह सकिए पछि स्कूलका छात्रहरूले त्यस दिनको निम्ति बिदा पाए ।

—सम्बाददाता "कुमुदिनी परिवार"

SCHEDULE

FORMS OF DECLARATION

FORM I

(See Rule 3)

I, Krishnabahadur Prodhan, Member of the "KUMUDINI-PARIWAR", Kalimpong, declare that I am the Editor, Publisher and Printer of the Organisation Magazine entitled "KUMUDINI-PARIWAR" to be printed at the Mani Press, Kalimpong and published at Kalimpong and that particulars in respect of the above Magazine given hereunder are true to the best of knowledge and belief:

1. Title of the Magazine	"KUMUDINI-PARIWAR".
2. Language in which it is to be published...	Nepali, English, Hindi and Bengali.
3. Periodicity of its publication ...	Annual.
4. Retail selling price of the Magazine ...	Complementary.
5. Publisher's name	Krishnabahadur Prodhan.
Nationality	Indian.
Address	Tripai, Kalimpong.
6. Place of Publication	Kalimpong.
7. Printer's Name	Krishnabahadur Prodhan.
Nationality	Indian.
Address	Tripai, Kalimpong.
8. Name of the Printing Press where printing is to be conducted and the true and precise description of its installed ...	Mani Press, 10th Mile, Kalimpong.
9. Editor's name	Krishnabahadur Prodhan.
Nationality	Indian.
Address	Tripai, Kalimpong.
10. Owner's name and Address	"KUMUDINI-PARIWAR" Kalimpong.
11. Please state whether the declaration in respect of Association Magazine ...	(a) Organisation Magazine.

Sd/—*Krishnabahadur Prodhan.*

(Krishnabahadur Prodhan)

DATE : MAY 22, 1961.

Publisher, Kalimpong.

"KUMUDINI-PARIWAR".

मणि प्रेस, कालिम्पोंगमा
श्री कृष्णबहादुर प्रधानद्वारा
मुद्रित र प्रकाशित